## चन्द्रपुर नगरपालिकाको नगर उपप्रमुख श्री रामरती चौधरीले चन्द्रपुर नगरपालिकाको छैठौं नगर सभामा प्रस्तुत गर्नुभएको

## आगामी आर्थिक बर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम र बजेट वक्तब्य

**छैठौं नगरसभाका आदर्णीय सभाध्यक्षज्यू, र सदस्यज्यूहरु,**

चन्द्रपुर नगरपालिकाको यस गरिमामय छैठौं नगरसभामा नगर उपप्रमुखको हैसियतले चन्द्रपुर नगरपालिकाको आगामी आर्थिक बर्ष २०७७।०७८ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा खुशी र गौरवान्वित महसुस गरेको छु । सर्वप्रथम्म यस महत्वपूर्ण अवसरमा मुलुकलाई तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युगसम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता एवं संघीयता सहितको मुलुकको संमृद्दिको भाग्य रेखा कोर्नको लागि विभिन्न समय क्रममा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सम्पूर्ण आदर्णीय शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु र घाइते योद्दाहरुप्रति सम्मान सहित शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**आदर्णीय सभाध्यक्षज्यू,**

सम्पूर्ण विश्वनै कोरोना भाइरस (कोभिड-१९) महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज यस नगरको छैठौं नगरसभालाई सम्बोधन गर्दैछु । कोभिड-१९ महामारीका कारण मानव जातिमाथि शताब्दीकै सबैभन्दा ठूलो संकट पैदा भएको छ । विश्वस्तरमै यस महामारी विरूद्ध लड्न मौजुदा स्वास्थ्य सेवा र सुविधाहरु अपर्याप्त देखिएका छन् । यस महामारीबाट लाखौं मानिसको ज्यान गइसकेको छ भने लाखौंको संख्यामा संक्रमित भएका छन् । यस महामारीबाट संक्रमित भई नगर भित्र र नगर बाहिर उपचाररत सम्पूर्ण दिदिबहिनि तथा दाजुभाईहरुको शिघ्र स्वाश्थ्यलाभको कामना गर्दछु । जोखिमपुर्ण परिस्थितिमा अग्रपंगतीमा रहेर सेवा गर्ने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सफाईकर्मी, एम्बुलेन्स चालक सम्पूर्ण रास्ट्रसेवकको म उच्च प्रशंसा गर्दछु । अत्यावश्यक बस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघ संस्थालाई धन्यवाद दिन चाहन्छु ।कोभिड — १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकाले चालेको कदममा पूर्ण साथ दिई सहयोग गर्नुभएकोमा म सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अहिलेको महामारीको प्रभाव कहिलेसम्म रहन्छ भने कुराको कुनै ठेगान छैन । यस महामारीले स्थानीय सरकारलाई चुनौती थपेको छ । यो महामारी नियन्त्रणका संगसंगै अन्य विपदहरुबाट बच्ने उपायहरुका लागि ठोस नीति ल्याईनेछ । विपद ब्यबस्थापन कोष, बिपन्न परिवारलाई राहत, क्वारेन्टिन तथा आइसोलेसनको उचित ब्यबस्थापन, विपद पिडितहरुलाई राहत र अस्थाई बासस्थान सम्बन्धि कार्यक्रमहरु ल्याईनेछ ।

गत विगतको आर्थिक बर्षको चन्द्रपुर नगरपालिकाको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनबाट शुसासन, विकास र समृद्धिको आधारसिला बृद्धि भई नगरपालिकाबाट हुने सेवा प्रवाहमा सुधार, सडक लगायत भौतिक पूर्वाधारहरुको दिगो विकास, गरिबी निवारण, रोजगारीको अवसर तथा नगरवासीको जीवनस्तरमा सकारात्मक प्रतिफल देखिन थालेको छ ।नगरवासीहरु चरम गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनमा रहनुपर्ने वाध्यात्मक स्थितिको अन्त्य हुने मार्ग तय भएको छ ।सबै नगरवासीहरुको लागि

भौतिक पूर्वाधारहरु, आधारभूत शिक्षा तथा प्राथमिक स्वास्थ्य सेवामा पहूँच र सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चित हुँदैछ

।आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माणका कार्यहरुमा तिव्रता आएको छ । निजी क्षेत्र र सहकारी क्षेत्रलाई सँगै लिएर जाने वातावरणमा सुधार हुँदैछ, भौतिक पूर्वाधार तर्फको प्रगति उत्साहजनक छ । पर्यटन पूर्वाधारका विकास र प्रवर्द्धन गर्ने कार्यक्रमहरु अगाडि बढेका छन ।नगरवासीको शिक्षा र स्वास्थ्य स्थितिमा सुधार ल्याउन सम्वन्धित निकायहरुलाई चुस्त गतिमा परिचालन गरिएको छ । नगरपालिकाको दैनिक प्रशासन र सेवा प्रवाहमा सुधार गरिएको छ । निजी तथा सहकारी क्षेत्रलाई नगरपालिकाको कार्यक्षेत्रको दायराभित्र ल्याई सँगै लिएर हिडने प्रक्रिया प्रारम्भ गरिएको छ । नगरपालिकाको कार्यक्षेत्रसँग सम्वन्धित क्षेत्रहरुको कार्य प्रगतिलाई चुस्त र दुरुस्त राख्न र नगरवासीहरुको गुनासो र आकांक्षालाई समयमा नै सम्वोधन गर्न अनुगमनलाई तिव्रता दिइएको छ ।

आगामी आर्थिक वर्षको नगरपालिकाको नीति तथा कार्यक्रम र वजेट तर्जुमा गर्दा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अन्तर्गत गाउँ र टोलस्तरबाट विभिन्न सहभागितात्मक चरणहरु पुरा गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी यहाँहरु समक्ष बजेट, नीति तथा कार्यक्रम प्रस्ताव गरी पेश गरिएको व्यहोरा निवेदन गर्दछु । यस अवसरमा हाम्रा अथक प्रयासहरुमा हरदम निर्देशन र सहयोग प्रदान गर्नु हुने व्यवस्थापिका-संसद र २ नं प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नगरमा कृयाशिल राजनैतिक दलहरु, सरोकारवाला निजी, सहकारी समेतका विकास साझेदारहरु, समाजसेवी, नगरवासी सम्पूर्ण दाजुभाई तथा दिदी वहिनीहरु, विकास अभियन्ताका रुपमा रहेका स्थानीय सरोकारवाला निकायहरु, गैर सरकारी संस्थाहरुको साझेदारी भूमिकाप्रति नगरपालिकाको तर्फवाट हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन समेतका कानूनहरुले व्यवस्था गरे बमोजिम सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत आगामी आर्थिक वर्षको राजश्व र व्यय सहितको बजेटको अनुमान नगर कार्यपालिकाबाट स्वीकृत गराई नीति तथा कार्यक्रम र वजेट चालु आर्थिक वर्षको आषाढ १० गते भित्र नगर सभामा पेश गर्ने र आषाढ मसान्तभित्र पारित गरी सक्नुपर्ने कानूनी प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा प्रचलित कानून, निर्देशिका तथा कार्यविधिको अधिनमा रही गत आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आय-व्ययको विवरण, चालु आर्थिक वर्ष २०७६/०७७ को संशोधित वजेट तथा कार्यक्रम र आगामी आर्थिक वर्ष २०७७/०७८ को अनुमानित वार्षिक वजेट, नीति तथा कार्यक्रमलाई नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछु ।

## आदर्णीय सभाध्यक्षज्यू,

अब म चन्द्रपुर नगरपालिकाको समग्र विकास सम्वन्धी वस्तुस्थितिको संक्षिप्त आंकलन यहाँहरु समक्ष राख्ने अनुमति चाहान्छु । चन्द्रपुर नगरपालिकाको विकासको वर्तमान अवस्था, नगरवासीहरुको वढ्दो चाहना र अपेक्षा, उपलव्ध सिमित श्रोत साधन, कार्यालय र नगरका मौजुदा समस्या तथा चुनौतिहरु, कार्य सम्पादनको क्रममा देखिएका चुनौती तथा अवसरहरुप्रति बृहत रुपमा विश्लेषण गर्दै नगरपालिकाको दुरगामी विकास गर्ने अर्जुन दृष्टि निर्माण गर्नु चन्द्रपुर नगरपालिकाको आजको आवश्यकता रहेको छ ।

चन्द्रपुर नगरपालिका भौगोलिक वनावट, प्राकृतिक श्रोत, ऐतिहासिकता, सांस्कृतिक, शैक्षिक, कृषि एवं पर्यटकीय महत्वका दृष्टिले प्रवल र तिव्र विकासको संभावना भएको यो नगरपालिका हो । तथापी

नगरपालिकाको अपेक्षित तुलनात्मक विकास हुन सकेको छैन, यसका पछाडि थुप्रै चुनौति र कमजोरीहरु रहेका छन ।
आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति सुव्यवस्थासहितको न्यायपूर्ण, सम्मुनत, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न यो नगरपालिका प्रतिबद्ध छ।
सार्वजनिक प्रशासनको कार्यसंस्कृतिमा सुधार ल्याई सुशासन कायम गर्न सरकार क्रियाशील छ । पारदर्शिता प्रवर्द्धन गर्दै जवाफदेहीविहीन स्थितिको अन्त्य गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत सुधार अघि बढाइएको छ ।नगरको मुख्य मुख्य स्थानमा हुन सक्ने चोरी, निकासी, दुर्घटना आदिलाई न्यूनीकरण गर्न सी.सी.टि.भी. क्यामरा जडान गर्ने प्रक्रिया अगाडी बढाइएको छ । शान्ति सुब्यबस्था कायम गरिएको छ । सार्वजनिक सेवाप्रवाहको गुणस्तर वृद्धि गरिएको छ ।
स्वास्थ्य, शिक्षा, लैंगिक समानता एवं अन्य सामाजिक तथा सांस्कृतिक क्षेत्रमा कार्यक्रम संचालन र गुणस्तरीय सेवाप्रवाह गरी स्वस्थ, शिक्षित, न्यायपूर्ण र गतिशील सामाजिक जीवनको स्थापना गर्ने लक्ष्य रहेको छ ।

समग्र र सन्तुलित विकासका लागि सरकारले सुरु गरेका रुपान्तरणकारी, क्षेत्रगत र राष्ट्रियस्तरका कार्यक्रम तथा आयोजनाहरु तोकिएको समय र लागतमा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कार्यक्रम तथा आयोजनाहरुको पुनः प्राथमिकीकरण गर्ने, फजुल खर्च रोक्ने, वित्तीय अनुशासन कायम गर्ने, उत्पादनशील तथा रोजगारीमूलक क्षेत्रमा लगानी केन्द्रित गर्ने योजना रहेको छ ।

नगरपालिकाको समग्र विकासको क्रममा पछाडि पारिएका वर्ग तथा क्षेत्रका समुदायलाई न्यायपूर्ण र समतामूलक समाजको  विकासको मूलप्रवाहमा ल्याउने, उत्पादनमूलक क्षेत्रमा लगानी वृद्दि गर्ने, रोजगारीका अवसरहरुको सृजना एवं विस्तार र विविधिकरण गर्ने, कृषि एवं पशु विकास क्षेत्रहरुको प्रवर्द्धन तथा विविधिकरण गर्ने, उत्पादनमूलक क्षेत्रहरुको व्यवसायिकरण गर्ने, आधुनिकीकरण एवं यान्त्रीकरण गर्दै सूचना, सञ्चार र प्रविधिको माध्यमबाट सुशासनमा प्रवर्द्धन गरी सार्वजनिक विकास पूर्वाधारहरुको दिगो विकास गरी सेवा र सुविधाहरुको प्रवाह गर्ने, पर्यटकीय दृष्टिले अनुपम संभावना रहेको पर्यटन क्षेत्रको विकास गरी यसवाट प्राप्त लाभ टोल, बस्ती हुँदै विपन्न वर्गसम्म पुर्याउने, नदि, ताल तथा  सिमसार क्षेत्रको संरक्षण गर्दै पर्यावरणीय सन्तुलन कायम गर्ने, जलवायु परिवर्तनको नकरात्मक असरको न्यूनीकरण गर्दै अनुकुलनका कार्यक्रमहरु कार्यान्वयन गर्ने, समय सुहाउँदो भौतिक पूर्वाधारहरुको विकास र विस्तार गर्ने, सामाजिक विकास एवं पूंजीलाई संस्थागत गर्दै चन्द्रपुर नगरपालिकाले लिएको, "समृद्ध चन्द्रपुर नगरपालिका, सुखी नगरबासी" को गन्तव्यमा पुग्न " **शिक्षा, स्वाश्थ्य, कृषि, पशु, उद्योग, पर्यटन र पूर्वाधार : समावेशी दिगो विकास चन्द्रपुर नगरपालिकाको मूल आधार**" भन्ने दृष्टिकोणलाई चुम्न सक्ने गरी दिगो विकास गर्ने पूर्वाधार विकासका कार्यहरु गर्नु हाम्रा मुख्य चुनौतिहरु रहेका छन् ।

**आदर्णीय सभाध्यक्षज्यू,**

प्रस्तुत चुनौतीका वावजुद पनि नगरपालिकाको समग्र विकास र समृद्दि गर्न कायम रहेको जनप्रतिनिधिहरुको उच्चस्तरको  अठोट, समन्वय एवं संतुलित एकता, पर्यटकीय आकर्षणका धरोहरका रुपमा रहेका नुन्थर पर्यटकीय स्थल, पौराई ब्रम्हस्थान, निजानन्द धाम, शहिद स्मृति पार्क , डावरी, कोटीहोम, मरधर सिमसार, चन्द्रपुर झर्ना, कालापानी पिकनिक स्पोट, महादेव डांडा पर्यटकीय स्थल समेतका प्रचुर जैविक विविधता एवं पर्यटकीय उपस्थिति, शैक्षिक एवं स्वास्थ्य सम्वन्धी सूचकहरुको दृष्टिले रौतहट जिल्लामा रहेका अन्य स्थानीय तहहरु भन्दा चन्द्रपुर नगरपालिका अग्रपंङ्तीमा रहेको छ। शिक्षा स्वास्थ्य सहितका मानव विकास एवं आर्थिक सूचकांकहरुमा चन्द्रपुर नगरपालिकाको वढ्दोस्तर, आकर्षणयुक्त बसाइसराई, फैलदो सडक सञ्जाल, सक्रिय एवं विकासप्रेमी नागरिक समाज र वस्ती, निजी क्षेत्र एवं गैरसरकारी क्षेत्रको प्रचुर विकास र सहयात्रा यस नगरपालिकाका विकासका थप अवसर एवं पूंजीको रुपमा रहेका छन् । संघीय सरकारको शहरी क्षेत्रको विकास गर्न SMART CITY निर्माण गर्दै जाने नीति बमोजिम चन्द्रपुर नगरपालिकाले प्राथमिकता प्राप्त गरी कार्य प्रक्रिया अगाडि बढेको र चन्द्रपुर विशेष आर्थिक क्षेत्र (Special Economic Zone) निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने कार्य प्रक्रिया अगाडि वढ्नुले यो चन्द्रपुर नगरपालिका थप उत्साहित वनेको छ ।

यस चन्द्रपुर नगरपालिका भित्रका सम्पूर्ण जेष्ठ नागरिक, बालपोषण, एकल महिला, अपाङ्गहरु समेतका लाभग्राहीहरुलाई वैंकिङ्ग पद्धतिवाट सामाजिक सुरक्षा समेतका भत्ताहरु वितरण गर्ने प्रवन्ध मिलाईएको छ । नगर उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन समितिलाई प्रभावकारी रुपमा परिचालन गरिएको छ, नगरपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा देखिएका कमि कमजोरीहरुको वारेमा समयमा नै नगरपालिकालाई जानकारी गराउन सञ्चार क्षेत्रलाई परिचालन गरिएको छ। साझा सवालका विषयहरुमा यस नगरपालिकामा रहेका संघीय सरकार र प्रदेश सरकारका निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ ।

सिमित जनशक्तिका बावजुद शिक्षा, स्वास्थ्य, कृषि तथा पशु सेवा समेतको सेवा प्रवाहमा सुधार गरिएको छ । सहकारी क्षेत्रलाई नगरपालिकाको दायराभित्र ल्याई दर्ता, नविकरण, नियमन तथा व्यवस्थापन गर्ने प्रक्रिया अगाडि वढाइएको छ । विकास पूर्वाधारको मुख्य आधारको रुपमा रहेको सडक सञ्जाललाई नियमित आवागमन योग्य वनाउँदै तिनीहरुलाई सुदृढिकरण गर्रिदै लगिएको छ । विपद् जोखिम न्यूनीकरण र वातावरण अनुकूलनका कार्यहरु अगाडि वढाइएको छ ।

नगरपालिकाबाट सञ्चालन तथा कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको वारेमा नगरवासीलाई सञ्चार गर्दै सुसूचित गर्न नगरमा रहेका सञ्चार माध्यमहरुलाई प्रोत्साहन र परिचालन गर्ने कार्य अगाडि वढाइएको छ। सञ्चार क्षेत्रसँगको सहकार्यलाई निरन्तरता दिईएको छ । कार्यालयवाट सम्पादन गरिने योजना तथा कार्यक्रमहरुमा पेश्की दिईने कार्यलाई निरुत्साही गर्दै खरिद सम्झौताको आधारमा भए गरेको कामको प्रगतिको प्राविधिक कर्मचारीहरुबाट नापजाँच तथा मूल्यांकन गरेर नगर उपप्रमुखज्यूको संयोजकत्वमा रहेको अनुगमन तथा सिफारिश समितिको सिफारिश बमोजिम मात्र भूक्तानी दिईने व्यवस्था मिलाईएको छ ।

लक्षित कार्यक्रमहरु सञ्चालन गर्दा लक्षित वर्ग नै लाभान्वित हुने र उनीहरुले कार्यक्रमको अनुभूति गर्ने गरी जनसंख्या र भौगोलिक सन्तुलनको आधारमा कार्यक्रम छनौट गरिएको छ ।

पूर्वाधार विकास गर्दा र सडक निर्माण तथा मर्मत संभारका योजनाहरु कार्यान्वयन गर्दा सम्वन्धित निकायहरुसंग समन्वय गर्दै कार्यान्वयनमा दोहोरोपना आउन नदिन आवश्यक समन्वय गर्ने व्यवस्था अगाडि वढाइएको छ। यस कार्यलाई आगामी आ.ब. २०७७/०७८ मा थप प्रभावकारी वनाउँदै लगिनेछ । पर्यटन पूर्वाधारहरुको सन्दर्भमा विभिन्न जातजातीहरुको धार्मिक तथा सांस्कृतिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र सम्वर्द्दन गर्दै लगिनेछ ।जति सक्दो छोटो समय दुरीमा स्थानीय जनतामा यातायात सञ्जालको पहुँच पुर्याउने, नगरपालिकालाई पूर्ण वालविवाह मुक्त, पूर्ण खोप मुक्त, पूर्ण बालश्रम मुक्त र पूर्ण साक्षरयुक्त नगरपालिकाको रुपमा कायम राख्ने गरी कार्यहरु भईरहेका छन् । नगरपालिकामा क्रियाशील रहेका गैर सरकारी संस्थाहरुलाई कार्य जिम्मेवारीमा दोहोरोपना नआउने र ति संस्थाहरुवाट सन्चालित क्रियाकलापहरु नतिजामूलक हुने गरी थप परिचालन र व्यवस्थित गर्दै जाने नीति यस नगरपालिकाले लिएको छ ।

यस नगरपालिकाले आगामी दिनहरुमा अहिलेको जस्तै गरी सेवा प्रवाह गरेर मात्र हुँदैन, लोकतन्त्रका प्रतिफलहरुको न्याय, समता र समानतामा आधारित भई समुचित वितरण नागरिकहरुमा गर्नसक्नु पर्छ भन्ने नविन मान्यताका साथ यस विशिष्ट परिस्थितिमा हामीले सार्वजनिक सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासका कार्यहरु उच्च मनोवलका साथ सम्पादन गर्ने जमर्को गरिरहेका छौं, यस्ता कार्यहरुमा नगरवासीहरुको प्रेरणादायी सहभागिता, समन्वय एवं सहकार्य रही आएको सन्दर्भमा चन्द्रपुर नगरवासीहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु र स्थानीय विकासका साझेदारहरुको रुपमा रहेका सहकारी सम्वन्धी संस्थाहरु, गैर सरकारी संस्थाहरु, निजी क्षेत्र एवं नागरिक समाजप्रति कृतज्ञ छु ।

**<u>आदर्णीय सभाध्यक्षज्यू,</u>**
नगरपालिकाको विकास सम्वन्धी अवस्थाको संक्षिप्त सिंहावलोकनपछि अव म चन्द्रपुर नगरपालिकाको गत आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आय-व्यय एवं प्रमुख उपलव्धीहरुको समष्टिगत समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संघीय सरकारबाट वित्तीय समानीकरण तथा राजश्व बाँडफाँड तथा अन्य सबै श्रोत बाट रु. १ अर्ब ४ करोड ७० लाख ५८ हजार १ सय ६१ रुपैयाँ जम्मा आम्दानी भएकोमा गत आ. व. मा जम्मा रु. ७० करोड ९५ लाख ३७ हजार रुपैयाँ खर्च भएको देखिन्छ । बाँकि रकम विभिन्न दायित्व तथा कोषहरु मार्फत चालु आर्थिक वर्षमा जिम्मेवारी सारिएको छ ।

चालु आर्थिक वर्षमा नगरपालिका क्षेत्रभित्र चन्द्रपुर नगर कार्यपालिकाको कार्यालयबाट कार्यान्वयन भएका विभिन्न योजना/आयोजना मार्फत १४.५ कि.मी. सडक कालोपत्रे (Blacktop) गरिएको छ, २५ कि.मी. सडक ग्राभेल गरिएको छ, ३० कि.मी. सडक नयाँ ट्र्याक खोलिएको छ, ५५ कि.मी. सडकको स्तरोन्नती गरिएको छ, ४ वटा खानेपानी आयोजनाहरुको निर्माण कार्य सम्पन्न भएका छन्, २० वटा मा.वि. तथा सामुदायीक विद्यालय भवनहरु निर्माण गर्ने कार्य सम्पन्न भएका छन् । यसै गरी सो आर्थिक वर्षमा लक्षित

वर्गहरुको उत्थान, सचेतना क्षमता वृद्दि, आय आर्जन, सामाजिक परिचालन, जिविकोपार्जन र प्रवर्द्दनात्मक कार्यक्रमहरु सम्पन्न भई लक्षित वर्गको सम्मान, पूंजी निर्माण र आर्थिक टेवा पुर्याउन सक्ने योगदानमा वढोत्तरी गर्ने कार्यक्रमहरु सम्पन्न भएका छन् । त्यसैगरी संयुक्त राष्ट्रसंघको विशिष्टिकृत संस्था UNICEF को आर्थिक सहयोगमा बहुक्षेत्रीय पोषण कार्यक्रमहरु तथा बाल संरक्षण कार्यक्रम कोभिड १९ को कारणले पूर्ण रुपमा कार्यान्वयन हुन सकेन छैनन् । यधपी आगामी आ.व. मा सो कार्यक्रमहरुलाई पूर्णता दिन आयस्यक नीति लिइनेछ । यस नगरपालिकाको विकासमा पोषण कार्यक्रम तथा बाल संरक्षण कार्यक्रम मार्फत सहयोग गर्ने संयुक्त राष्ट्रसंघको विशिष्टिकृत संस्था UNICEF वाट प्राप्त सहयोगप्रति चन्द्रपुर नगरवासीहरुको तर्फवाट हार्दिक आभार प्रकट गर्दछु ।

**<u>आदर्णीय सभाध्यक्षज्यू,</u>**

अव म चालु आर्थिक वर्ष २०७६/०७७ को वजेट कार्यन्वयनको जेष्ठ महिनासम्मको यथार्थ र आषाढ मसान्तसम्मको संशोधित अवस्था प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आ. व. २०७६/०७७ मा जम्मा रु. १ अर्ब २५ करोड ५१ लाख आय व्यय प्रस्ताव भएकोमा २०७७ जेष्ठ मसान्तसम्मा चालु तर्फ ३८ करोड ९९ लाख ४४ हजार र पुँजीगत तर्फ रु. २१ करोड ५ लाख २१ हजार गरी जम्मा रु. ६० करोड ४ लाख ६६ हजार रुपैयाँ खर्च भएको देखिन्छ ।

। साथै चालु आर्थिक वर्षको आषाढ मसान्तसम्ममा कूल संशोधित अनुमानित व्यय मध्ये चालु खर्च तर्फ रु १२ करोड ९६ लाख ८२ हजार र पूंजीगत खर्च तर्फ रु. १७ करोड ४९ लाख ५२ हजार व्यय हुने र करिब रु. १० करोड रकम आगामी आ.व. को लागि संचित हुने संशोधित अनुमान गरिएको छ । त्यसैगरी चालु आर्थिक वर्षमा कूल आन्तरिक आय रु. १२ करोड ५२ लाख ६८ हजार प्रस्ताव गरेकोमा यस आ.व. को जेष्ठ मसान्त सम्म रु. ८ करोड ४८ लाख ३६ हजार ४ सय ४४ रुपैयाँ संकलन भएको छ र चालु आ.व. को आषाढ मसान्तसम्म रु. ५० लाख आय राजश्व संकलन हुने संशोधित अनुमान गरिएको छ । आगामी आ.व. २०७७/०७८ को लागि आन्तरिक आय तर्फ रु. १४ करोड ५० लाख ६५ हजार ६ सय ४ रुपैयाँ संकलन हुने प्रस्ताव गरेको छु ।

**<u>आदर्णीय सभाध्यक्षज्यू,</u>**

अव म नगरपालिकाको समग्र विकासका लागि आगामी आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित वजेट, नीति तथा कार्यक्रम, नगरपालिकाको दिर्घकालीन सोंच, नगरपालिकाको विकासका प्राथमिकताहरु, योजना तर्जुमाका आधारहरु र नगरपालिकाका समग्र नीतिहरुको सार संक्षेप यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>दिर्घकालीन सोंच</u>** :

चन्द्रपुर नगरपालिकाको, "समृद्ध चन्द्रपुर नगरपालिका, स्वस्थ्य र सुखी नगरवासी" मूल ध्येयले परिकल्पना गरेको "**शिक्षा, स्वाश्थ्य, कृषि, पशु, उद्योग, पर्यटन र पूर्वाधार : समावेशी दिगो विकास, चन्द्रपुर नगरपालिकाको मूल आधार**" भन्ने विकास र सम्बृद्धि प्रतिको सोंच नै यस वजेट, नीति तथा कार्यक्रमहरुको

दिर्घकालीन सोंच रहनेछ। यसको लागि सम्पूर्ण नगरवासीहरुलाई नगर विकास तथा समृद्धिको मूल मार्गमा समाहित गर्दै अगाडि बढ्नु चन्द्रपुर नगरपालिकाको आजको मूल आवश्यकता रहेको छ ।

**<u>उद्देश्य</u> :**

आर्थिक-सामाजिक रुपान्तरण सहित न्यायपूर्ण, समता एवं समृद्दिमूलक चन्द्रपुर नगरपालिकाको निर्माणको दिगो विकासमा टेवा पुर्याउनु यस वजेट, नीति तथा कार्यक्रमको मुख्य उद्देश्य हुनेछ ।

**<u>प्राथमिकताका क्षेत्रहरु</u> :**

शिक्षा, स्वास्थ्य सम्वन्धी सूचकहरुमा सुधार, सहकारी तथा निजी क्षेत्रको भूमिकामा गुणात्मक सुधार, सूचना तथा प्रविधिको विकास, स्थानीय भौतिक पूर्वाधारहरुको निर्माण, कृषि, पशु, वन तथा वातावरण र पर्यटन क्षेत्रको विकास, मानवीय सूचकहरुको विकास र लैङगीकतामा आधारित न्यायपूर्ण र समतामूलक विकास नै नगर विकास योजनाको प्रमुख प्राथमिकताका क्षेत्रहरु रहने छन् ।

**<u>योजना तथा कार्यक्रम तर्जुमा छनौटका आधार एवं मार्गदर्शनहरु</u> :**

नेपालको संबिधान, २०७२ का राज्यका निर्देशक सिद्दान्त, नीति र दायित्व समेतका संवैधानिक प्रावधानहरु, संघीय र प्रदेश सरकारको चालु आवधिक योजना, राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु, संघीय सरकारबाट प्राप्त वजेट सिलिङ्ग, संघीय सरकारवाट समय समयमा प्राप्त नीतिगत निर्देशनहरु, २ नं प्रदेश सरकारबाट प्राप्त नीतिगत मार्गनिर्देशनहरु र प्राप्त वजेट सिलिङ, २ नं प्रदेश सरकारबाट समय समयमा प्राप्त नीतिगत निर्देशनहरु, स्रोत अनुमान तथा बजेट सिलिङ्ग समिति, राजश्व परामर्श समिति, वडासभा, बिषयगत समितिहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, चन्द्रपुर नगर सभाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, राजनैतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र समेतका नगर विकासका सरोकारवालाहरुवाट प्राप्त सुझावहरु, स्थानीय सरकार सञ्चालन ऐन, गत विगतका नगर सभाहरुवाट प्राप्त पृष्ठपोषणलाई यो नगरपालिकाको विकास योजना तर्जुमा गर्दा मार्गदर्शनको रुपमा अवलम्वन गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**<u>आदर्णीय सभाध्यक्षज्यू,</u>**

अव म आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि नगरपालिकाका प्रमुख क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>आर्थिक विकास नीति</u> :**

- निजी क्षेत्र Vehicle of Development र Engine of Economy भएको मर्म अनुरुप निजी क्षेत्रको अझ वढि प्रभावकारी व्यवस्थापन र परिचालन गर्न सार्वजनिक निजी साझेदारीको थप प्रवर्द्दन गरिनेछ,
- सरकारी,निजी र सहकारी गरी ३ खम्वे अर्थ नीतिलाई वर्तमान संविधानको मर्म अनुरुप नै यस नगरपालिकाको विकासको ३ खम्वे अर्थ नीतिको आवधारणाको आधारमा थप सुदृढ गर्दै लगिनेछ,
- आगामी आर्थिक वर्षमा आर्थिक विकास सम्वन्धी कार्यका लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## भौतिक पूर्वाधार विकास नीति :

१, सडक तथा यातायत क्षेत्रको विकासमा वडा कार्यालयहरुबाट राजमार्ग जोडिएका सडकहरु, वडा कार्यालयबाट नगरपालिका जोडने सडकहरु, अन्तर वडा कार्यालयहरु जोड्ने सडकहरु, धार्मिक तथा पर्यटकीय क्षेत्रको पहूच सडकहरु, नयाँ तथा पुराना बस्ती जोड्ने अन्तर आधार सडक तथा पुल निर्माणलाई पूर्णता दिनेगरी कार्य गर्न आगामी आर्थिक बर्षमा समेत उच्च प्राथमिकतामा राखिएको छ ।

२, सडक पूर्वाधार निर्माण र विकासमा नेपाल सरकार तथा २ नं प्रदेश सरकारका विषयगत मन्त्रालयहरु सँग बजेट बिनियोजन तथा लगानीमा सहकार्य, साझेदारी तथा समन्वय कायम गर्ने नीति लिएको छ ।

३, बढ्दो बस्ती तथा सवारी साधनको चापलाई व्यवस्थित गर्न नगर क्षेत्रमा भएका खुला क्षेत्रहरुको पहिचान गरी स:शुल्क तथा निशुल्क पार्किङ्को व्यवस्था गरिनेछ । सवारी चापलाई ब्यबस्थित गर्दै पार्किङ्को उचित व्यवस्थापनका लागि सामुदायिक, सहकारी तथा निजि क्षेत्र सँग सहकार्य गर्ने नीति लिईनेछ ।

४, व्यवस्थित शहरीकरण मार्फत सर्वसुलभ, दिगो र सुन्दर शहरको विकास गर्दै भू उपयोग योजनामा आधारित व्यवस्थित एवं योजनावद्ध शहरी विकास गर्ने नीति लिइनेछ ।

५, सार्वजनिक, पर्ती तथा नदी उकासको क्षेत्र पहिचान गरी यस्ता भू- क्षेत्रमा बहुउपयोगी खुला क्षेत्रहरुको निर्माण, विकास र व्यवस्थापन गर्ने नीति लिइनेछ । उपयोगहिन अवस्थामा रहेका सार्वजनिक पर्ती जग्गाहरुको पहिचान गरी यस्ता क्षेत्रहरुमा नगरपालिकाले कार्यविधि निर्माण गरी लिजमा सरकारी कार्यलयहरु , सरकारी अस्पताल, सिटी हल , सवारी जाँचपास (ट्रायल सेन्टर) जस्ता पूर्वाधार विकासमा सरकारी, सहकारी , सार्वजनिक निजी साझेदारीमा नगर कार्यपालिकाको बैठकको निर्णयबाट कार्य गर्न सक्ने कार्यगत व्यवस्था मिलाइनेछ ।

६, नगरपालिकाको पूर्व स्वीकृत विना नगर क्षेत्रमा जग्गा जमिन सम्याउने, भू संरचना विगार्ने वा जग्गा खण्डीकरण गर्ने कार्य पूर्ण रुपमा निषेध गरिनेछ । यस्तो भए गरेको देखिएमा तत्काल कानूनी दायरामा ल्याई आर्थिक ऐनले तोकेको थप शुल्क र जरिवाना नतिरेसम्म जग्गा विकास स्वीकृतको प्रक्रिया समेत रोक्का राखिनेछ र यस्ता जग्गा समेत रोक्का राख्ने नीति लिइनेछ ।

७, नगरपालिकाको पूर्व स्वीकृत विना जग्गा खण्डीकरण गर्दै बनाइएका घडेरी क्षेत्रमा नगरपालिकाबाट कुनै पनि प्रकारको भौतिक संरचना निर्माणको लागि अस्थाई वा स्थाई स्वीकृती प्रदान गरिने छैन ।

८, नगर क्षेत्रमा नगरपालिकाको पूर्व स्वीकृत विना घर टहरा लगायतका भौतिक पूर्वाधार निर्माण गर्ने गरेको पाइएको छ यसरी विना स्वीकृत निर्माण गर्दा मापदण्ड विपरीत र भवन संहिताको समेत पालना नहुने अवस्था आउन सक्दछ । यसर्थ नगरपालिकाको स्वीकृति विना घर टहरा लगाएतका भौतिक संरचना निर्माण भएको देखिना साथ वडा कार्यालयबाट त्यस्तो निमार्ण कार्य रोक्का राख्न पत्रचार गर्ने नीतिगत व्यवस्था अवलम्वन गरिनेछ ।

९, नगर क्षेत्रमा खुल्ला, उपयूक्त र मापदण्ड पुराहुने स्थानहरुमा निजी क्षेत्रको लगानीमा संयूक्त आवास/अपार्टमेन्ट/बहुउपयोगी व्यपारिक भवन/कम्पलेक्स निर्माण गर्न नगरपालिकाले प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१०. यस नगरपालिकाले राष्ट्रिय गौरवका आयोजनाहरु मध्ये यस नगरपालिकामा निर्माणको प्रक्रिया अगाडि बढेका SMART CITY र Special Economic Zone को निर्माणमा यथोचित समन्वय र पहल गर्नेछ, नगरपालिकाका गौरवका SMART CITY र Special Economic Zone २ वटा आयोजनाहरुलाई Piloting Project रुपमा विकास गरि क्रमशःकार्यान्वयनमा लगिने छ,

११, १ वडा एक नमुना योजना निर्माण गर्न प्रत्येक वडालाई उपलब्ध गराईएको बजेट सिलिङ्गबाट कम्तिमा रु. २५ लाख बिनियोजन गरी योजना छनौट गर्ने अभ्यास विकास गरिएको छ ।

१२, आगामी आर्थिक बर्षमा भौतिक पूर्वाधार विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## <u>सामाजिक विकास नीति</u> :

- चन्द्रपुर नगर क्षेत्रभित्रको सामाजिक संरचनालाई ध्यानमा दिई न्यायपूर्ण समाज एवं समतामुलक समाज बनाउने उद्देश्यका साथ सामाजमा रहेका जातीय विभेदको अन्त्य गर्न नगरपालिकाका १० वटै वडामा छुवाछुत मुक्त अभियान सञ्चालन गरी समग्र चन्द्रपुर नगरलाई छुवाछुत मुक्त नगर घोषणा गर्ने अभियान अगाडि वढाइनेछ ।
- समाजमा पछाडि पारिएका वर्गलाई नगरपालिकाको मूल प्रवाहमा ल्याउनको लागि निश्चित संख्यामा दलित समुदायका विद्यार्थीहरुलाई प्राविधिक शिक्षा उपलब्ध गराउने गरी कार्यक्रम अगाडि वढाईनेछ । साथै नगर क्षेत्रमा रहेका विपन्न दलित विद्यार्थीहरुलाई उच्च शिक्षा छात्रवृतिको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट सञ्चालन तथा कार्यान्वयन हुने योजना/आयोजनाको प्रतिफल सबै तह र तप्कामा सामानुपातिक ढङ्गले पुगोस भन्ने उदेश्यले कार्यान्वयन प्रक्रिया अगाडि वढाइनेछ,
- Living together, thinking together, working together को मर्म सहित Development को तेश्रो क्षेत्र र सक्रिय साझेदारको रुपमा गै.स.स. क्षेत्रको विकासमा थप गति दिईनेछ, गैर सरकारी संस्थाहरुलाई कार्य जिम्मेवारीमा दोहोरोपना नआउने गरी नतिजामूलक ढंगले प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिईनेछ,
- नगर भित्र बेरोजगारी अवस्थामा रहेका युवाहरुकोलागी ब्यबसायीक तालिमहरु (मोटरसाइकल मर्मत, सिलाईबुनाई, कम्पुटर तालिम, मोबाइल, रेडियो घडी मर्मत ) संचालन गरिनेछ ।
- चन्द्रपुर नगर क्षेत्रमा कृयाशिल गैर सरकारी संस्थाहरुलाई वडा समितिबाट समन्वय र सहजिकरण गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ । यी संस्थाहरुको नियमन, नियन्त्रण र व्यवस्थापन नगर कार्यपालिकाको कार्यालयबाट गरिनेछ ।

- चन्द्रपुर नगर क्षेत्रभित्रको शवहरुको दहन गर्ने कार्यलाई शालिन र व्यवस्थित गर्नको लागि आगामी आर्थिक बर्षमा नमुनाको रुपमा तोकिएको स्थानमा दुइ वटा शवदहन गर्ने गृह निर्माण गर्न आवश्यक बजेट बिनियोजन गरेको छु ।

- चन्द्रपुर नगरपालिका क्षेत्रको शान्ती सुरक्षाको व्यवस्थामा सुधार ल्याई आवागमन र विकास निर्माण गर्ने कार्यलाई सुधार ल्याउने उद्देश्यले नगरको सुरक्षा स्थितिमा सुदृढिकरण गर्न नगरमा रहेका सुरक्षा निकायहरुसँग समन्वय गरी सुरक्षा सम्वन्धी कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

- राष्ट्रिय परिचय पत्र तथा पंजीकरण अन्तर्गत नेपाल सरकार तथा विश्व बैंक विच भएको सम्झौता बमोजिम यस नगरपालिका अन्तर्गत संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाबाट स्थानीय तहमा संचालन गरिने नीति लिइनेछ ।

- आगामी आर्थिक बर्षको सामाजिक विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

- उपभोक्ता हित संरक्षण र बजार अनुगमन खाध्य गुणस्तर मापन ब्यबस्थापन गर्ने नीति लिइनेछ ।

- आगामी आ.व. मा नगर प्रहरीको ब्यबस्थापन गरिनेछ ।

## लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्वन्धी नीति:

१, नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्दै पछाडि परेको वर्ग तथा समुदाय , दलित , आदिवासी जनजाती , पिछडा वर्ग , अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा योनिक अल्पसंख्यक, किसान, श्रमिकलाई राज्यको सबै निकायमा समानुपातिक समावेशि सिद्धान्तको आधारमा सहभागी हुने हकको प्रत्याभुती गरेको छ । आर्थिक समृद्धि र दिगो विकासका लागि सम्मान अग्रसरता र नेतृत्वदायी भुमिका स्थापित गर्दै श्रोत, साधन, अवसर र लाभमा महिलाको समान पहूच स्थापित गर्न सक्ने लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

२, नोवेल कोरोना भाइरसका कारण जेष्ठ नागरिक, वालवालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण र रोग सँग लड्ने प्रतिरोधि क्षमता विकासका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

३, नगर सरकारलाई प्राप्त न्यायिक समितिको भुमिकालाई सार्थक बनाउने नीति लिइनेछ । वडा स्तरमानै मेलमिलाप केन्द्रको स्थापना गर्दै सामुदायिक मेलमिलाप कर्ताहरुको क्षमता विकास गरी टोल बस्तीको विवाद टोल बस्तीमानै निरुपन गर्ने प्रक्रियागत व्यवस्थालाई संस्थागत गर्दै लगिनेछ ।

४, दलित समुदायले परम्परागत रुपमा गर्दै आएको सिपमुलक कार्यक्रमलाई स्तर उन्नति एवं व्यवसायीकरण गर्ने नीति रहेको छ ।

## वन तथा वातावरण र विपद् व्यवस्थापन सम्वन्धी नीति :

- Clean development, Clean Mechanism सहित Clean economy को विकास गर्दै Clean Chandrapur Municipality को अवधारणा अन्तर्गत जलवायु परिवर्तन अनुकुलनका सरसफाई अभियान र वातावरणमैत्री स्थानीय शासनको अवलम्वनलाई तिव्र पारिनेछ,

- चन्द्रपुर नगरपालिका क्षेत्रभित्रको नदीजन्य पदार्थहरुको उत्खन्न हुने क्षेत्र नजिकका बस्ती तथा समुदायहरुको संरक्षण तथा विकास गर्न, नदी कटान नियन्त्रण गर्न र वातावरण अनुकुलनमा सुधार गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिनेछ । यसको लागि नदीजन्य पदार्थहरुको बिक्रीबाट प्राप्त रकम मध्येबाट निश्चित रकम बिनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

- नगरक्षेत्रको सरसफाईमा सुधार ल्याउन नगरपालिकामा रहेका सवारी साधन र जनशक्तिलाई कार्यतालिका बनाई परिचालन गरिनेछ ।

- नगरक्षेत्रको सरसफाई गर्ने कार्यमा नगरक्षेत्रमा रहेका सबै निकाय, सरोकारबाला संस्थाहरु, सञ्चार क्षेत्र, टोल तथा बस्ती हुँदै सम्पूर्ण नगरवासीहरुको साथ लिएर सुधारका कार्यहरु अगाडि वढाइनेछ ।

- चन्द्रपुर नगरलाई सफा र स्वच्छता कायम गर्न जलवायु अनुकुलनका लागि Green City को अवधारणा अगाडि बढाइनेछ । यसका लागि नगर क्षेत्रभित्र रहेका सामुदायिक वन, धार्मिक वन, साझेदारी तथा निजी वन समेतका सरोकारवालाहरुसँग समन्वय गरी वन क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- नदिजन्य पदार्थको उत्खनन, तथा बिक्रि गर्न आई.ई.ई. को प्रतिवेदनमा उत्खनन गर्ने परिमाण ६७५०० घन मि. मात्र भएकोले चाँदी र बाग्मती नदीको ई.आई.ए. गर्ने र आन्तरिक आयको २५ % रकम सम्बन्धित वडा लाई वातावरण संरक्षण गर्ने कार्यमा खर्च गर्ने ब्यबस्था मिलाइनेछ ।

- लेण्ड फिल्ड साइडको स्तारुन्नती गरी सी.एन.जी. ग्यास उत्पादन गर्न अध्यन गरी प्राप्त प्रतिवेदनको आधारमा सी.एन.जी. ग्यास उत्पादन प्रक्रिया अगाडी बढाउने ।सामुदायीक वनको क्षमता विकास गर्ने, जंगल छेउछाउका अतिक्रमित क्षेत्रमा सामुदायीक वनसँग सहकार्य गरी वृक्षारोपण गर्ने कार्य अगाडी बढाइनेछ ।

- नगर क्षेत्रभित्र एक घर एक विरुवा वृक्षारोपणको नीतिलाई अगाडि सारिनेछ ।
- नगरपालिकाको वन क्षेत्रभित्र रहेका वन तथा सिमसार क्षेत्र, पोखरी, पानीको मुहानको संरक्षण गर्दै लगिनेछ ।

- नगरपालिका क्षेत्रभित्र नदी कटान हुने क्षेत्रको पहिचान गरी तटवन्धनको निर्माण गर्दै संरक्षण गर्ने नीति लिइनेछ ।

- नगरपालिका क्षेत्रभित्र भू-क्षयलाई नियन्त्रण गर्न आवश्यक कार्यक्रमहरु अगाडि वढाइनेछ ।

- दैविक प्रकोपमा परी विपदमा परेका घर परिवारलाई नगरपालिकाबाट तत्काल राहतको ब्यबस्थापन गर्न आवश्यक रकम विनियोजन गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- सम्पूर्ण वडामा सरसफाई, वातावरण तथा वन संरक्षण सम्बन्धि चेतनामुलक कार्यक्रमहरु अगाडी बढाउने नीति लिइनेछ। सामुदायीक वनहरुमा कृषि वन नीति लिई समुदायको आयआर्जन तर्फ उन्मुख गराइनेछ,
- सामुदायीक कृषि खेतीका लागि ५० % बाली विमाको नीति लिइनेछ तथा निजी कृषि बिमा नीतिलाई अगाडी बढाइनेछ । मापदण्ड पुगेका सडकहरुको दुवै तर्फ वृक्षारोपण गर्ने नीति लिईएको छ ।
- आगामी आर्थिक बर्षमा वन वातावरण र विपद् व्यवस्थापन सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।
- सामुदायीक वन, धार्मिक वनहरुको खाली जग्गामा जडिबुटी उत्पादनको लागि प्रोत्साहन गरिनेछ ।

**वातावरण र सरसफाई सम्वन्धि नीति**

१, जल , बायू , माटो , ध्वनी , तथा विद्युतीय लगाएत सबै प्रकारको प्रदुषणको रोकथाम र नियन्त्रण गर्न आवश्यक नीति , कानून र प्रभावकारी संरचना निर्माण गर्नको साथै सोध, अनुसन्धान र क्षमता अभिबृद्धि एवं चेतनामूलक कार्यक्रमहरुको संचालनमा निरन्तरता दिइनेछ ।

२, नगर क्षेत्रको वस्ती भन्दा टाढा रहेका खुला क्षेत्र, खोच र भिरपखाहरुमा वातावरणीय सम्भाव्यता अध्ययन गरी यस्ता क्षेत्रमा पूर्वाधार विकास गर्दै स्यानेटरी ल्याण्ड फिल्ड साइट, बायो ग्यास प्लान्ट , जैविक मल उत्पादनको सम्भाव्यता खोजिको लागि नेपाल सरकार, २ नं प्रदेश तथा बैदेशिक प्राविधिक सहयोग परिचालन गर्दै सार्वजनिक निजी साझेदारिमा कार्य गरिन्छ ।

३, नगर क्षेत्रमा वातावरण प्रदुषणको कारण बनेका तथा आवश्यक वातावरणीय मापदण्ड पुरा नगरेका इटा उद्योगहरुका सम्वन्धमा प्रारम्भिक वातावरण परिक्षण गरी उक्त प्रतिवेदनका आधारमा क्रमश वातावरण प्रतिकुल उद्योगहरुलाई विस्थापन गर्ने नीति लिइनेछ । वातावरणीय प्रदुषण गर्ने उद्योगहरु वातावरणीय मापदण्ड पूरा नभएसम्म नगर क्षेत्रमा स्थापना र सञ्चालनमा पूर्ण रोक लगाउने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिन्छ ।

**महिला, बालबालिका तथा जेष्ठ नागरिक अपाङ्गता सम्वन्धी नीति :**

**महिला तर्फ**

१. चन्द्रपुर नगरपालिका भित्र रहेका पिछडीएको वस्ती तथा समुदायको पहिचान गरी महिलाहरुको निशुल्क स्वास्थ्य शिविर संचालन गरी महिलाहरुको स्वास्थ्यमा पहुच पुर्‍याउन सहयोगलाई निरन्तरता दिईनेछ ।

२. चन्द्पुर नगरपालिका भित्र रहेका महिलाहरुको पहिचान गरी जनचेतना तथा सिपमुलक तालिम प्रदान गरी व्यवसायिक बनाउन जोड दिईने छ।

३. घरेलु हिंसा  तथा लैङ्गिक हिंसा निराकरण गर्नको लागि लैङ्गिक हिशां विरुद्धको १६ दिने अभियान सगैं महिला , पुरुष , श्रीमान/श्रीमती लाई समविकास कार्यक्रम  प्रत्येक वडामा संचालन गरिने छ ।

४. विद्यालय वाहिर रहेका किशोरी हरुलाई जिवन उपयोगी सिप विकास तथा क्षमता विकास कार्यक्रम संचालन गरिने छ ।

५. विज्ञहरुलाई आमन्त्रीत गरी बेमौसमि तरकारी खेती ,बाख्रा पालन तालिम ,कुखुरा पालन तालिम,अचार निमार्ण तालिम ,मसला , वेसार खेती तालिम प्रदान गरी महिलाको जिवनस्तर उकास्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

६. महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गताका राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवशहरुलाई निरन्तरता दिईने छ ।

७. वडाका महिला जनप्रतिनिधिहरुलाई सविधानमा भएका हक अधिकार साथै मुलुकी ऐन र फौजदारी ऐनमा भएका व्यवस्थाहरु सम्वन्धी सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

८. महिलाहरुको व्यवसायिक समुह गठन गरी एक समुह एक व्यवसाय लाई प्राथमिकता दिने ।

९. खुल्ला सिमानाका कारण महिला तथा किशोरीहरुलाई मानव बेचविखन तथा ओसारपसार नियन्त्रणका लागि सचेतना अभिमुखिकरण कार्यक्रम संचालन गर्ने ।

१०. लैङ्गिक हिंसाबाट पिडित महिला तथा किशोरी हरुका लागि नगरपालिकामा हेल्प डेक्सको स्थापना गर्ने ।

११. जोखिममा परेका महिला, बालबालिका ,जेष्ठ नागरीक,तथा अपाङ्गता भएका व्याक्तिहरुलाई उदार तथा व्यवस्थापनाका लागि पूर्नस्थापना केन्द्र निमार्ण गरिनेछ ।

१२. १० वटा वडामा किशोरी समुह गठन गरी परिचालन गरिने छ ।

१३. लैङ्गिक हिसां निवारण कोषको स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ ।

१४. नगरपालिका मा रहेका अति विपन्न र पारिवारिक रुपबाट टाढा भएका एकल महिलाहरुको पहिचान गरी आर्थिक सहयोग बाट उनीहरुलाई आत्मनिर्भर बनाउन जोड दिईनेछ ।

१५. आर्थिक रुपले विपन्न सामाजिक रुपले पछाडी पारिएका महिलाहरुलाई विशेष प्राथमिकता दिदै आर्थिक शसक्तिकरण र सामाजिक रुपान्तरण गर्न जोडदिइने

१६, महिला , बालबालिका , जेष्ठ नागरिक , अपाङ्गता तथा अल्संख्यक सामुदायको तथ्याङ्क संकल्न कार्यलाई जोड दिइनेछ ।

१७. महिला हिंसा अपहेलना तथा बालश्रमिक बालबालिकाहरुलाई उद्दार गरि राख्नको लागी नगरपालिकामा पुर्नस्थापना केन्द्र निर्माण गरि कार्यान्वयनमा ल्याइने ।

**बालबालिकातर्फ**

१. नगरपालिकालाई पुर्ण बालश्रम मुक्त अभियानलाई निरन्तरता दिईनेछ ।

२. बालविवाह म्रुक्त वडा घोषणालाई निरन्तरता दिने र घोषणा भएका वडाहरुमा निरन्तर अनुगमन गरिनेछ ।

३. चन्द्रपुर नगरपालिका नगर कार्यपालिका भित्र रहेका प्रत्येक विद्यालय तथा विद्यालय वाहिर रहेका वालवालिकालाई समेटेर बाल क्लव गठन गरी गठन भएका बालक्लवहरुलाई सक्रिय बनाई, वडा स्तरीय बालसञ्जाल र नगर स्तरीय बालसञ्जाल गठन गरी सोको माध्यमबाट बालबालिकाको अधिकार, बालसंरक्षण, बाल हिसां बालबिवाह न्युनिकरणलाई निरन्तरता दिईनेछ ।

४. चन्द्रपुर नगरपालिकामा वाल हेल्पलाईनको व्यवस्था गरिने छ ।

५. नगरपालिकामा बालसंरक्षण ,सम्वर्द्धका कोषको स्थापना गरी बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सघं सस्थाहरुसंग समन्वय गरिनेछ ।

६. सडक बालबालिका, ईटा उद्योग कलकारखानामा काम गर्ने बालबालिका,साथै जोखिममा परेका बालबालिकाहरुको अनुगमन साथै पहिचान गरी संरक्षण र घरपरिवारमा पुर्नमिलन गराउने कार्यलाई जोड दिईने छ ।

७. बालबालिकाको अन्तरनिहित क्षमताको पहिचान गरी, हिसां शोषण,दुर्व्यवहार, दुरव्यसनिमा परेका व्याक्तिलाई उत्प्रेरणा वढाउन विभिन्न शिर्षकमा बादविबाद,बक्तीत्व कला निवन्ध प्रतियोगितात्मक कार्यक्रम संचालन गरिने छ ।

८. दलित तथा पिछाडी पारिएका वालवालिकाको हक सम्वन्धी ,साथै जातियता छुवाछुत अन्त्यका लागि संचालन विद्यालयहरुमा बालक्लवहरुको पहिचालन गरि कार्यक्रम गरिनेछ ।

९. विद्यालयहरुमा गुनासो पेटीकाको व्यवस्थापन गरी सो कार्यान्वयनका लागि समिति गठनमा जोड दिईनेछ ।

१०. बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधिलाई चाडै नै कार्यान्वयमा ल्याईनेछ ।

**११.** पूर्ण बालमैत्री नगर घोषणाको निमित्त लिएको लक्ष्य प्राप्तिको लागि पार गर्नुपर्ने सूचकांकहरु पार गर्दै लगिनेछ ।

**जेष्ठनागरीक तर्फ**

१. चन्द्रपुर नगरपालिका भित्र रहेका अति विपन्न घर परिवारका ७० देखि ७५ वर्ष माथिका जेष्ठ नागरीकहरुलाई देवस्थल भ्रमण कार्यक्रम संचालन गरिनेछ ।

२.चन्द्रपुर नगरपालिका भित्र रहेका ८५ वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर परिवारमा नै गएर सम्मान कार्यक्मलाई निरन्तरता दिईनेछ ।

३.संस्कार र संस्कृतिबाट सिर्जित अवलम्वन योग्य व्यवहार, नैतिकता तथा सिप विकासको लागि (जेष्ठ नागरिक सिप अनुभब) चन्द्रपुर नगरपालिका भित्रका विद्यालयहरुमा अन्तरपुस्ता सिप हस्तान्तरण कार्यक्रम संचालन गरिने छ ।

४.चन्द्रपुर नगरपालिकाको १० वटा वडामा जेष्ठ नागरीक दिवा भलाकुसारी चौतारी निर्माणलाई प्राथमिकता दिईने छ ।

५.जेष्ठ नागरीकहरुलाई निशुल्क स्वास्थ्य सिविर कार्यक्रम संचालनमा जोड दिईने छ ।

६. ६० वर्ष देखि माथिका सम्पुर्ण जेष्ठ नागरीकहरुलाई परिचय पत्र वितरणलाई निरन्तरता दिईने छ ।

७.परिवारमा जेष्ठ सदस्य प्रति परिवार र अन्य सदस्यको जिम्मेवारी तथा दायित्व सुनिश्चत गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

८.जेष्ठनागरीक दिवशलाई निरन्तरता लिदै सो अवसरमा प्रत्येक वडाका १,१ जना समाजमा योगदान पुर्‍याउने जेष्ठ नागरीकहरुलाई सम्मान गरिनेछ ।

९.पारिवारिक आर्थिक कानुनी संरक्षणको माध्यामबाट जेष्ठ नागरीकको संरुक्षण र प्रर्वद्धन गरिनेछ ।

**अपाङ्गता तर्फ**

१.विद्यालयको छात्राबासमा वसेका अपाङ्गता भएका बालबालिकाहरुको अनुगमन गरी आधारभुत आवश्यकता अनुसारको सामाग्री वितरण गर्ने व्यवस्था मिलाईने छ ।

२. अपाङ्गता परिचय पत्र वितरणको कार्यलाई निरन्तरता दिईनेछ ।

३.अपाङ्गता भएका व्यक्तिहरुको अभिभावकलाई सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४. अपाङ्गता भएका व्याक्तिहरुको पहिचान गरी फरक फरक प्रकारका सिपमुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

५. अपाङ्गता भएका व्याक्तिहरुको विशेष आवश्यकतालाई दृष्टिगत गरी सार्वजनिक स्थल तथा संरचनाहरु अपाङ्गमैत्री बनाउन विशेष पहल गरिनेछ ।

६. अपाङ्गता भएका व्याक्तिहरुको पहिचान गरी आवश्यकता अनुसारका सहायक सामाग्रीहरु वितरण गरिनेछ ।

७. राष्ट्रिय तथा अन्तराष्ट्रिय अपाङ्गता दिवशलाई निरन्तरता दिईनेछ ।

८. अपाङ्गताहरुको सम्मानको लागि सम्मानजनक शव्दहरुको पम्पलेट वनाई आम जनमानसमा वितरण गरिनेछ ।

९, आपाङ्गता भएका व्यक्तिहरुलाई साङ्केतिक भाषामा कक्षा सञ्चालन गर्ने प्रावधान मिलाइनेछ।

१०, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संम्वन्धि ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन ल्याउन आवश्यक व्यवस्था गरिनेछ ।

११, नगरपालिका भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## सहकारी तर्फ

यस चन्द्रपुर नगरपालिका भित्र रहेका बिभिन्न फरक प्रकृतीका सहकारी संस्था मार्फत आगामी आर्थीक बर्ष २०७७/०७८ को लागि गरिबी निबारण र निम्न परिबारको आयस्तर बृद्धि गराउने उदेश्य सहितको समृद्ध नगर बनाउन निम्न अनुसारको नीति, कार्यक्रम तयार गरिएको छ।

१ ) गरिबीको पहिचान गरी समुह बनाउने र उनीहरु लाई सीपमुलक तालिम दिई रोजगारी प्रदान गराईने छ। यो कार्यक्रम दश वटै वडामा कम्तिमा एक सय वटा समुह दश जनाको दरले गठन गरीने छ।

२ ) उत्कृष्ठ सहकारी संस्थाहरुलाई नतिजाको आधारमा पुरस्कृत गरी प्रोत्साहन गरिनेछ। सहकारी दिबस मनाउने क्रमलाई निरन्तरता दिईने छ।

३ ) दुग्ध उत्पादक सहकारी संस्था मार्फत दुग्धजन्य परिकार उत्पादन गरी बजार बिस्तार गर्ने ( यस्ले गर्दा चन्द्रपुरमा उत्पादित बस्तुले प्रश्रय पाउदा किसानहरु प्रत्यक्ष लाभान्बित हुनेछन ।

४) किसानहरु बाट उत्पादित बीउबिजन उत्पादन, प्रशोधन र बिक्री बितरण गर्न कम्बाईन्ड हार्भेस्टेर मेशिन सहित ट्रेक्टर खरिद गरि किसानहरु लाई प्रत्यक्ष लाभ पुरयाईनेछ।

५)सहकारी संस्था र नगरपालिका बीच अन्तरक्रिया र समिक्षा गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

६) नगरपालिका बाट सहकारी संस्थाको अबस्था बुझ्न अनुगमनलाई निरन्तरता दिईनेछ।

७) सहकारी संस्थाको अध्ययन अवलोकनका लागि अन्तरप्रदेशिय भ्रमण गराई सहकारी संस्थाको स्तरमा सुधार ल्याईनेछ।

७) सबै सहकारी संस्थाहरु बार्षिक गतिबिधी समेटिएको चन्द्रपुर सहकारी स्मारिका प्रकाशन गरिने छ।

८) सहकारी संस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा,नेतृत्व विकास, व्यवस्थापन एवं कोपोमिम्स तालिम संचालन गरी सहकारी संस्थाहरुलाई व्यवस्थित बनाईनेछ।

९, सहकारी क्षेत्रको समग्र पक्षको विकास गर्न कृषि पशुपंक्षिमा आधारित सहकारी उद्योगको विकास र बजारीकरणमा जोड दिइनेछ ।

१०, कृषि जमिनमा कृषकको पहूच विस्तार गर्न कृषि सहकारी संस्था मार्फत करार खेती, सामुहिक खेती, कौसी खेती , चक्लाबन्दी खेतीलाई बिशेष प्रोत्साहन गरिनेछ ।

## स्वास्थ्य सम्वन्धी नीति :

१. हाल नेपाल अधिराज्य लगायत विश्व भरिनै कोभिड १९ रोगको महामारी भई हजारौं जन समुदायमा कोरोना भाइरस को संक्रमण देखिएको हुनाले यस पालिकाका नागरिकहरुमा समेत सोको महामारी हुने सम्भावना भएकोले उक्त रोगबाट बच्ने उपायहरुको बारेमा आवश्यक जनचेतना दिने कार्यक्रम संचालन गरिनेछ ।

२. कोरोना संक्रमण रोकथाम र नगर स्वाश्थ्य प्रणालीमा सुधार गर्दै चन्द्रपुर निर्माण अभियान नगर सरकारको पहिलो प्राथमिकता रहनेछ । संक्रमण रोगबाट सिर्जना हुने स्वाश्थ्य जोखिम न्यूनीकरण गर्दै आम नगरवासीको सुरक्षार्थ नेपाल सरकार र २ नं. प्रदेश सरकारसंग गुणस्तरीय स्वाश्थ्य सेवा, पूर्वाधार विकास, औषधि एवं उपकरण र दक्ष स्वाश्थ्य कर्मीको सेवा विस्तार गर्न लागत साझेदारी र सहकार्यलाई उच्च प्राथमिकता दिई कार्य गर्ने नीति लिइनेछ ।

३. नगरका सबै स्वास्थ्य संस्थाहरुमा जनस्वास्थ्य प्रयोगशालाको क्षमता विस्तार गर्नुका साथै नागरिकको घर दैलोसम्म नै सेवा विस्तार गर्दै लैजाने नीति लीइनेछ । आम नागरिकका लागि आवश्यक औषधि नगर अस्पताल र नगर स्वाश्थ्य संस्था मार्फत गत वर्षहरुमा जस्तै वर्षभरीनै निशुल्क वितरणको प्रबन्ध मिलाइनेछ ।

४. आम नागरिकको बस्ती तथा टोलमा नै उपस्थित भई स्वास्थ्य सेवा प्रदान गर्न घुम्ती शिविर मार्फत विशेषज्ञ, प्रयोगशाला सेवा र निशुल्क औषधि वितरण गर्ने कार्य संचालन गरिनेछ । महिला स्वास्थ्य लाई मध्यनजर गर्दै सबै वडामा निशुल्क स्वास्थ्य शिविर संचालन गर्ने योजना लिएको छु ।

५. छिमेकी देश भारत सहित विश्वका विभिन्न मुलुकहरुमा ठुलो संख्यामा यस नगरका नागरिकहरु रहनु भएको अनुमान छ । विश्वब्यापी रुपमा नै कोभिड १९ को भयावह अवस्था कायम रही रहेको अवस्थामा हवाई मार्गबाट त्यस्ता नागरिकहरु आफ्नो घर फिर्ता हुँदा समेत आवश्यक सतर्कता लिनु नितान्त आवश्यक रहेको छ । विभिन्न मुलुकहरुबाट चन्द्रपुर क्षेत्रमा आउन चाहने घर परिवारका सदस्यहरुले त्यस्ता व्यक्तिहरुको पारिवारिक विवरण र चन्द्रपुर नगरक्षेत्रमा आउन चाहने घर परिवारका सदस्यहरुले त्यस्ता व्यक्तिहरुको पारिवारिक विवरण र चन्द्रपुर नगरक्षेत्रमा प्रवेश गर्ने यकिन मिति समेत खुलाई आ-आफ्नो वडा कार्यालयमा अनिवार्य रुपमा रजिस्ट्रेसन गर्नुपर्ने छ । सम्बन्धित वडाले सोको अभिलेख राखी स्वीकृत प्रदान भएपछि मात्र विदेशबाट नेपाल ल्याउने ब्यबस्था मिलाइनेछ ।

६. औला, कालाजार तथा डेंगु रोग नियन्त्रणका लागि आवश्यक जनचेतना मूलक कार्यक्रम संचालन गर्नुका साथै माथिल्लो निकायसंग समन्वय गरी निर्देशिका बमोजिम औषधि छर्कने कार्यक्रम, औषधि उपचार तथा प्रेशनको ब्यबस्थापन गरिनेछ ।

७. बौलाहा कुकुरले टोकेको भ्याक्सिनको आपूर्तिमा निरन्तरता दिई नियमित रुपमा सेवा प्रदान गरिनेछ ।

८. रेबिज, सर्पदंश आदिको बारेमा प्रचार प्रसार तथा आवश्यक उपचारको ब्यबस्थापन गरिनेछ ।

९. मातृ तथा नवजात शिशु कार्यक्रमलाई निरन्तरता दिई परिवार नियोजन लगायत सिरक्षित गर्भपतन सेवा कार्यक्रमलाई सुब्यवस्थित ढंगले संचालन गरिनेछ ।

१०. नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु द्वारा गर्भवती तथा सुत्केरी महिलाहरुलाई नियमित सेवा प्रदान गरी क्रमशः वडाहरुलाई पूर्ण ए.एन.सी. तथा घरमा शून्य प्रसुती गराउने वडा तथा पालिका सुनिश्चित गरिनेछ ।

११. गर्भवती, सुत्केरी महिला तथा बालबालिकाहरुलाई कुपोषण बाट बचाउने उदेश्यले नियमित लेखाजोखा तथा पोषिलो आहार वितरण गर्ने कार्यक्रम लागु गरिनेछ ।

१२. ट्रमा सेन्टर निर्माण तथा ब्यबस्थापनका लागि वडा नं. १० मा जग्गा उपलब्ध भएकोले डी.पी.आर. तयार गरी निर्माण कार्य अगाडी बढाउनुको साथै आवश्यक बजेट ब्यबस्थापनको लागि केन्द्र सरकार र प्रदेश सरकारको लागि आवश्यक पहल गरिनेछ ।

**१३.** स्वास्थ्यको पहुँचलाई नगरवासीको घर दैलोसम्म पुर्याउन सरसफाई र स्वास्थ्य सम्वन्धी अभियान चलाइनेछ, यस्ता अभियानहरुमा पूर्ण खोप मुक्त वडा र नगरपालिका, लामखुटे मुक्त वडा र नगरपालिका, डेङ्गु र कालाजार मुक्त वडा र नगरपालिका जस्ता अभियानहरु चलाउनुको साथै "स्वास्थ्य र सफा नगरपालिका चन्द्रपुर नगरवासीको चाहना" सम्वन्धी भावनासँग सम्वन्धित सरोकारवाला निकायहरुसँग समन्वय र परामर्श गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**१४.** आमा सुरक्षा कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ, स्वास्थ्यकर्मीहरुको मनोवल बढाई कार्य सम्पादनमा सुधार ल्याउन क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**१५.** चन्द्रनिगाहपुर अस्पताल र अन्य स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा सुधार ल्याउनुका साथै प्रदेश र संघीय सरकारसँग समन्वय गरी स्तरउन्नती गर्ने कार्यहरु गरिनेछ ।

१६. आगामी आर्थिक बर्षमा स्वास्थ्य सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## शिक्षा सम्वन्धी नीति :

१. कोरोना भाइरसको प्रकोपका कारण नगर शैक्षिक क्यालेन्डरमा प्रभाव परेको छ । बन्दा बन्दीको अवस्थाका बीच पनि कक्षा ८ को नतिजा प्रकाशित गरिएको छ । एस.ई.ई. परिक्षा कोभिड १९ को प्रकोपका कारण सम्बन्धित विद्यालयको आन्तरिक मूल्यांकनका आधारमा नतिजा प्रकाशन गर्ने निर्णय नेपाल सरकारबाट भएको छ । हजारौको संख्यामा स्कूल जाने उमेरका वालवालिका घरमा नै बस्न बाध्य भए । बालवालिकाको जीवन रक्षा पहिलो प्राथमिकतामा परेकोले महामारीको जोखिम नियन्त्रणमा आउनसाथ प्रविधि र आवश्यक स्वास्थ्य सतर्कता सहित नगर क्षेत्रका विद्यालय संचालनमा ल्याउने नीति लिइनेछ ।

२. सामुदायीक तथा संस्थागत विद्यालयहरुमा कोभिड १९ को संक्रमणको सन्त्रास अन्त्य नभएसम्म र बालवालिकाको आवश्यक सुरक्षा प्रबन्ध राम्रो नभएसम्म शैक्षिक क्रियाकलापहरु संचालन गर्ने कार्य चुनौतिपूर्ण छ । कोभिड १९ को संक्रमण नियन्त्रण भन्दा वाहिर गएमा विधार्थीहरुको शैक्षिक सत्र मिलान गर्ने गरी अनलाइन माध्यमबाट पठन पाठनलाई निरन्तरता दिने नीति लिइनेछ ।

३. नेपाल सरकारबाट प्राप्त शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम अनलाईन शिक्षा प्रणालीको विकासमा लागत साझेदारी गरिनेछ । गरिव घर परिवारका बालबालिकाहरुका लागि अनलाइन प्रविधि जडानमा नगरपालिका बाट सहयोग गर्ने नीति लिइनेछ ।

४. नगर शिक्षा विकासका लागि सामुदायीक र संस्थागत विधयालयका बीचमा शिक्षामा गुणस्तरीयता र पंहुचमा समानता स्थापित गरी विभेदपूर्ण शिक्षा प्रणाली अन्त्य गर्न सहकार्यको कार्यक्रम संचालन गरिनेछ । सबै सामुदायीक विद्यालयहरुमा प्रारम्भिक कक्षा देखि नै अंग्रेजी माध्यमबाट सुरु भएको पठनपाठनलाई माथिल्लो कक्षा सम्म बृद्धि गर्दै जाने कार्यमा आगामी आर्थिक वर्षहरुमा उपलब्ध गराएकोमा नगरपालिकाबाट लागत साझेदारीमा गरी यसलाई अझ बढी प्रभावकारी बनाउने नीति लिइनेछ ।

५. सामुदायीक विधयालयहरुका शिक्षकहरुको क्षमता विकास गर्दै आधुनिक शिक्षा प्रणाली प्रति अभ्यस्त बनाउन क्षमता विकास, कार्यसम्पादन, करार सम्झौता, नतिजामा आधारित शैक्षिक क्यालेन्डर र शिकाई एवं अभ्यास आदान प्रदान कार्यक्रम संचालन गरिनेछ । दलित तथा पिछडा वर्गका महिलाको प्राविधिक क्षेत्रको उच्च शिक्षामा पंहुचमा बृद्धिका लागि नगरपालिकाबाट निश्चित प्रतिशत रकम सहयोग गर्ने नीति लिइनेछ ।यस्तो सहयोग आगामी आर्थिक वर्षहरुमा गरिब तथा विपन्न वर्गमा थप विस्तार गर्दै लगिनेछ ।

६. **"सक्षम र सिपमूलक जनशक्ति, चन्द्रपुर नगरपालिकाको सम्पत्ति"** भन्ने मूलमार्गलाई आधार मानी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ। यसको लागि अभिभावक, विद्यार्थी र शिक्षक बीच अन्तरकृयात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ

७. शिक्षा सेवा प्रवाहमा संलग्न शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. पूर्ण साक्षर वडा र नगरपालिका अभियान सञ्चालन गरिनेछ ।

९. अल्पसंख्यक र विपन्न तथा सिमान्तकृत समुहका बालबालिकाहरुलाई विद्यालयसम्मको पहुँच बढाउन दिवा खाजा, छात्रवृति समेतका आकर्षणयूक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१०. सरकारी सेवालाई प्रोत्साहन गर्न विभिन्न तहका बिद्यार्थीहरुको लागि नगरपालिकाको लगानीमा निशुल्क लोकसेवा कक्षा संचालन गरिने प्रबन्ध मिलाइनेछ ।

११. केन्द्रको दरबन्दी मिलनको मापदण्डलाई आधार लिई दरबन्दी मिलान गरी जहाँ विद्यार्थी त्यहा शिक्षक ब्यबस्थापन गर्ने कार्यलाई कार्यन्वयनमा ल्याइनेछ ।

१२. आगामी आर्थिक बर्ष शिक्षा सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## धर्म, पर्यटन तथा सस्कृति सम्वन्धी नीति :

१. चन्द्रपुर नगर क्षेत्रभित्र जैविक विविधताको प्रचुरताले सुरक्षित र मनोरम, आक्रसित पर्यटकीय गनतव्य बन्ने सम्भावना रहेको छ । धार्मिक धरोभरहरुमा नुन्थर पर्यटकीय स्थल, निजान्नद धाम, पौराई ब्रह्म स्थान, कुटीहोम, कृष्ण प्रणामी मन्दिर रहेका छन् । त्यस्ततै चन्द्रपुर झर्ना, शहिद स्मृति पार्क, कलापानी, डावरी, मर्धर सिमसार क्षेत्र जस्ता मनोरम भू दृश्य भएका स्थानहरु समेत छन् धार्मिक एवंम पर्यटकीय सम्पदाको जिर्ने द्वार एवं मर्मत र भू दृश्यमा पर्यटन सेवा प्रवर्दन गर्न, धार्मिक, सास्कृतिक एवंम प्राकृतिक सम्पदाको संरक्षणका लागि गुरु योजना तयार गरिनेछ ।

२. नगर क्षेत्र भित्रका ऐतिहाशिक , धार्मिक , सास्कृतिक संम्पदाहरुको पहिचान गरी बैज्ञानिक अभिलेखिकरण गर्दै तिनिहरुको संरक्षण एवं जगेरना गर्ने नीति लिइनेछ ।

३. विभिन्न जातजाती, समुदाय , धर्म , संस्कृतिका जात्रा , गुठी , पर्व , मूल्य एवं मान्यताको संवर्दन गर्ने नीति लिइनेछ ।

४. नगरपालिकाको स्वामित्वमा रहेका सम्पत्तिहरुको पहिचान गर्दै उचित संरक्षण र सम्वर्द्दनको अभावमा उपयोग नभएका भौतिक सम्पत्तिहरुको संरक्षण, व्यवस्थापन र उपयोग गर्न आवश्यक पहल गरिनेछ,

५. नगरपालिका क्षेत्रमा रहेका पर्यटकीय स्थलहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

६. चन्द्रपुर झरना, नुन्थर  समेतका पर्यटकीय स्थलहरुमा आगामी आर्थिक बर्ष देखि न्यूनतम सेवा शुल्क लिई व्यवस्थित गर्ने तर्फ आवश्यक पहल गरिनेछ ।

७. आगामी आर्थिक बर्षमा पर्यटन तथा सस्कृति सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

८. ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायीक भवन, सार्वजनिक एलानी, पर्ती जग्गाको लागत राख्ने तथा संरक्षण गर्ने नीति लिइनेछ ।

## संस्थागत क्षमता विकास र सुदृढिकरण सम्वन्धी नीति :

१. नगर सरकारको सेवालाई जनमुखी , सक्षम , सुदृढ, सेवामुलक र उतरदायि बनाउदै लैजानु आजको आवश्यकता हो । जनशक्तिको समुचित व्यवस्थापन गर्दै जवाफदेही, जिम्मेवारी पूर्ण र सेवाग्राही मैत्री व्यवहार आम नागरिकको अपेक्षा हो । यसर्थ , अगामी दिनमा नगरको प्रशासनिक संरचना , जनशक्ति कार्यशैली , कार्यविधि र प्रक्रिया नयाँ प्रविधि , ज्ञान , सीप र क्षमतामा आधारित नागरिक पहुँचमैत्री बनाउदै लैजाने तीति लिइनेछ ।

२. नगरपालिका जनप्रतिनिधिहरु सबैलाई लक्षित गरी क्षमता विकासका लागि कम्तिमा वर्षको एक पटक तालिम एवंम अध्ययन भ्रमणको प्रवन्ध मिलाइनेछ ।

३. नगरका वडा कार्यालय, स्वास्थ्य संस्था, कृषि तथा पशु सेवा केन्द्रहरु र नगर कार्यपालिकाको संगठन संरचना संविधानको भावना र मर्मअनुरुप स्थानीय सरकार मैत्री बनाउन संस्थागत पून : संरचना गरिनेछ ।

४. नगर सरकारका हरेक संस्थागत संरचनाहरु नगर कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण , निर्देशन र समन्वय कायम हुने गरी एक आपसमा अन्तर र अन्तर स्वमित्व हुने कार्यगत व्यवस्था मिलाइनेछ । कार्यपालिका अन्तरगत भएका वडा कार्यालय , स्वास्थ्य संस्था ,शिक्षण संस्थाहरु, कृषि तथा पशु सेवा केन्द्रहरुका सबै कर्मचारीहरुको कार्य विवरण सहितको जिम्मेवारी किटान गरी कार्यभार र कार्यवोझको आधारमा कर्मचारीहरुको दरवन्दी मिलान , पदस्थापन, सरुवा र जिम्मेवारी हेरफेर २०७७ साल श्रावण १ गतेदेखि लागु गरिनेछ । यसको लागि संगठन विकास (organization development ) **गरी दरबन्दी यकिन गरिनेछ** ।

५. नगरबासीको वढ्दो आकाक्षा र अपेक्षा, नगरपालिकाको असिमित जिम्मेवारीका बीच कार्यालयमा उपलब्ध सिमित जनशक्तिका कारण तोकिएको समयमा मात्र काम गरेर नगरपालिकाबाट हुने सेवा प्रवाहलाई सरल र सहज बनाउन चुनौतिपूर्ण छ, संघीय सरकारबाट समायोजन भएका थोरै मात्र कर्मचारीहरुले यस नगरपालिकामा रही सेवा गर्न छनौट गरेका कारण महत्वपूर्ण पदहरु रिक्त रहेका छन्, पूर्वाधार निर्माणमा योजना तथा प्राविधिक शाखामा प्राविधिक कर्मचारीहरुको सिमितताले गर्दा भौतिक पूर्वाधार निर्माण चुनौतिपूर्ण रहेको छ। यस अवस्थामा तोकिएको कार्यालय समयमा मात्र कर्मचारीहरुले कार्य सम्पादन गरेर सेवा प्रवाह हुने अवस्था धेरै कठिन छ। हामीसँग सिमित जनशक्तिलाई अधिकतम परिचालन गरी सेवा प्रवाह गर्नुको विकल्प नभएकोले कार्यव्यस्तता र कार्य जिम्मेवारीको आधारमा गत विगतका कार्यपालिका र नगर सभाबाट भएको निर्णय बमोजिम कार्यवोझ र जिम्मेवारीका आधारमा तोकिएका  कर्मचारीहरुलाई मासिक रुपमा प्रोत्साहन भत्ता दिने व्यवस्थालाई आगामी आर्थिक बर्षको प्रारम्भदेखिनै   प्रदान गरी कर्मचारीहरुलाई प्रोत्साहित गर्दै परिचालित हुने वातावरण निर्माण गरिनेछ ।

६. आगामी आर्थिक बर्षमा संस्थागत क्षमता विकास सम्वन्धी कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## कृषि तथा सहकारी नीति :

१. एक वडा एक वाली /बस्तु उत्पादन विशेष कार्यलाई बढावा दिइनेछ ।

२. बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई स्वरोजगार जस्ता कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिई कार्य गरिनेछ ।

३. कृषकले लगाएको बालीनाली, तरकारी, फलफुल मौरी तथा च्याउ आदिलाई विभिन्न दैविक प्रकोप तथा जोखिम बाट हुने क्षति न्यूनीकरण गर्नको लागि वीमा सम्बन्धि कार्यक्रम ल्याईनेछ साथै वीमा शुल्कमा विशेष अनुदानको व्यवस्था गरिनेछ ।

४. कृषि उत्पादनलाई आधुनिकीकरण गर्न उन्नत जातको बीउ बिजन, कृषि औजार र सामग्रीहरु कृषक तथा कृषक समूहहरुलाई लागत साझेदारीमा वितरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने नीति लिईनेछ ।

५. बजारमा उच्च माग भएका र तत्काल बिक्रि वितरण गरी आय आर्जन गर्न सकिने नगदेवालीमा कृषकको प्राथमिकता र आकर्षण वृद्धि गर्न तालिम, समुह खेति, अध्ययन भ्रमण र अनुसन्धान गर्न थप लगानी गर्ने नीति लिइनेछ ।

६. कृषि पेशामा युवाहरुलाई आकर्षण वृद्धि गर्न युवा स्वरोजगार लक्षित कार्यक्रमहरु संचालन गरिनेछ । युवा अवस्थाको उर्जालाई कृषि क्षेत्रमा व्यवसायीकरण गर्न स्वरोजगार बन्ने र बनाउने नीति अवलम्बन गरिनेछ ।

७. नगर क्षेत्रमा उत्पादन गर्न सकिने उर्वर जमिनलाई बाँझो राख्न पाइने छैन । यस्ता क्षेत्रहरुमा समुह खेति प्रणाली गर्न चाहने कृषक समुहलाई नगरपालिकाबाट स्यानो टूयुवेल तह सिंचाई प्रणाली र कृषि औजार उपकरणमा अनुदान दिने नीति लिइनेछ । भूमिको कर तिर्दा जमिनको वास्तविक अवस्था उल्लेख गर्नुपर्ने प्रावधानलाई पालना गरिनेछ ।

८. जमिन बाँझो राखेमा त्यस्ता जग्गा धनीलाई जरिवाना गरिनेछ । नगरपालिका क्षेत्रमा रहेका खेतीयोग्य जमिनमा सिंचाई सुबिधा वृद्धि गरी कृषि उत्पादनमा वृद्धि गर्न पूर्वाधार विकासमा लागत साझेदारी गर्ने नीति लिइनेछ । सिंचाईका लागि सोलार पम्प प्रविधि प्रयोगमा प्रोत्साहन गर्न अनुदान दिने नीति लिइनेछ ।

९. बन्दाबन्दीको अवस्थाले नगरक्षेत्रमा उत्पादित किसानको उत्पादनले बजार नपाएको अवस्था समेत देखियो । यस बाट कृषि पेशामा आवद्ध किसानको मनोवल घट्नुका साथै आय आर्जनमा समेत असर परेको छ । नगरको उत्पादन नगर क्षेत्र मै उपभोगको नीति अवलम्बन गर्दै नगरवासीहरुलाई स्थानीय उत्पादन स्थानीय हाट बजारबाटै खरिद गरी उपभोग गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१०. आगामी आर्थिक बर्षमा कृषी तथा सहकारी क्षेत्रका कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## पशु सेवा तथा पशु स्वास्थ्य निति :-

१. पशु सेवा तथा पशु बिकास कार्यक्रम संचालन गर्दा गरिव तथा विपन्न वर्गको पहिचान गरि जिवन निर्वाह र जिवन स्तर सुधार  गर्नको लागि नगरका १० वटा वडाहरुमा ग्रामिण बाख्रा बिकास, कुखुरा विकास र बंगुर विकास कार्यक्रम संचालन गरि मासु र फुलमा आत्म निर्भर भई आय आर्जनमा विस्तार गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

२. चन्द्रपुर नगरपालिकाका १० वटै वडाहरुमा व्यवसायिक मासुको लागि पाडा हुर्काउने र वंगुर पालन व्यवसाय कार्यक्रम संचालन गरि लागत सहभागितामा मध्यम स्तरका कृषकहरुको आय आर्जनमा विस्तार गर्दै लैजाने कार्यक्रम संचालन गरिनेछ ।

३. कृषकलाई उन्नत तथा पोषिलो घाँसे वालीको खेती  गराई पशुपालन व्यवसायको लागत घटाउन विभिन्न सिजनका घाँसका विउ तथा वेर्ना वितरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४. उन्नत पशु पालन व्यवसाय गरी दुध, फुल, र मासुमा आत्म निर्भर भई निर्यातमुखी पशु पालन व्यवसाय गर्नको लागि नश्ल सुधार गरि कृत्रिम गर्भाधारण कार्यक्रमलाई नगरका १० वटै वडाहरुमा अझ वढि विस्तार गरिदै जाने कार्यक्रम संचालन गरिनेछ ।

५. चन्द्रपुर नगरपालिका पशु सेवा शाखाको मातहतमा वडा नं. १, २, ३ र १० नं. वडामा ४ वटा पशु सेवा केन्द्र विस्तार गरि प्राविधिक तथा सहयोगि कर्मचारि राखि कृषकलाई सेवा सहज तरिकाले पुऱ्याउनको लागि विस्तार गर्दै जानुपर्ने कार्यक्रम संचालन गरिनेछ ।

६.  नगरका १० वटै वडाहरुमा पशु स्वास्थ्य शिविर, बाझोपन निवारण शिविर, पशुहरुको परजिवि नियन्त्रण शिविर संचालन गरि पशु स्वास्थ्य मा थप टेवा पुऱ्याउनुपर्ने कार्यक्रम संचालन गरिनेछ ।

७. कृषकको लागि ज्ञान सिप र क्षमता अभिवृद्धि गर्नको लागि पशु विकास संग सम्वन्धित तालिम, भ्रमण र गोष्ठि संचालन गरि व्यवसायीक पशु पालन तर्फ अग्रसर बनाईदै लैजाने कार्यक्रम संचालन गरिनेछ ।

८.  कृषकको पशु स्वास्थ्यलाई मध्य नजर गरि पशुपंक्षिको रोग पहिचान गर्ने कम्तिमा शाखामा १ वटा Basic lab संचालन गर्नु पर्ने आवश्यकता भएकोले सोको व्यबस्थापन गरिनेछ ।

९.  व्यवसायिक पशु पालन गरि कृषकको जिवन स्तर वृद्धिको लागि १० वटै वडाहरुमा गाई, भैसि, बाख्रा, वंगुर, कुखुरा, हाँस र माछा कार्यक्रम लागत सहभागितामा अनुदान दिदै व्यवस्थित पशु पालन व्यवसाय गर्दै जाने कार्यक्रम संचालन गरिनेछ ।

१०.  मासुको उत्पादन बृद्धि गरि कृषकहरुको आय स्तरमा वृद्धि गर्न नगर स्तर वाटै वढाउनको लागि वोयर जातको विउको बोकाहरु लागत सहभागितामा वितरण गर्ने संघ तथा सहकारी संस्था मार्फत बाख्रापालन व्यवसाय गर्न थप कार्यक्रम संचालन गरिनेछ ।

११.  नगरका १० वटै वडाहरुमा कृषकका पशुहरुलाई रोग लाग्न नदिन खोप कार्यक्रम संचालन गरिने छ र पशु स्वास्थ्य उपचारलाई अझ वढि  थप सेवामुखि गरिदै लैजाने कार्यक्रम संचालन गरिनेछ ।

१२.  दुध संकलन केन्द्रहरु र सहकारि संस्थाहरु मार्फत सहकार्यमा दुग्धजन्य पदार्थहरुको उत्पादन गरि बिक्रि गरि कृषकहरुको आय स्तरलाई वृद्धि गर्दै लैजाने कार्यक्रम संचालन  गर्दै जानुपर्ने देखिएको छ ।

१३. कृषकहरुको गाईभैसि व्याए पछि Calcium तथा Iron को कमि नहोस भनि सुत्केरि गाई भैसिलाई स्वस्थ राख्नका लागि र दुध उत्पादनमा कमि नहोस भनि निवारणको लागि औषधि वितरण गर्नुपर्ने देखिन्छ जसले गर्दा कृषकलाई गाई भैसि पालनमा थप सहयोग पुग्ने छ ।

१४. पशुजन्य उत्पादनमा जोड दिंदै किसानलाई उन्नत पशु स्वास्थ्य सेवा निशुल्क तथा लागत साझेदारीमा सेवा दिई दुग्ध र मासु उत्पादनमा थप लगानी गर्न प्रोत्साहन गरिनेछ ।पशु पन्छी पालनमा किसानलाई पशु बीमा गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१५. परम्परागत रूपमा पशुपंक्षी पालन गर्दै आएका कृषक तथा कृषक समूहलाई लक्षित गरी नश्ल सुधार तथा आहार व्यवस्थापन कार्यक्रम संचालन गरिनेछ । पशुपंक्षी ब्यबसायलाई विविधिकरण गर्दै आयमुलक पेशाको रुपमा स्थापित गर्न उत्कृष्ट कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

१६. नगर क्षेत्रमा भएका भुस्याहा कुकुर नियन्त्रण गर्न वध्याकरण शिविर संचालन गरिनेछ । छाडा पशुहरु नियन्त्र र घरपालुवा पशुहरु विवारिसे छाड्ने व्यक्तिको पहिचान गरी जरिवाना गरिनेछ ।

## न्यायीक सम्बन्धी नीति :-

- नेपालको संविधान र स्थानीय सरकार सन्चालन ऐनले प्रदान गरेको स्थानीय न्यायीक अधिकारलाई न्यायीक समिति मार्फत प्रभावकारी बनाइनेछ ।
- नगरपालिका भित्रका नागरिकहरुको साना तिना विवादका कारण मुद्धा मामिलामा अल्झिई आर्थिक तथा समयको हानी हुने अवस्थाको अन्त्य गर्दै त्यस्ता विवादहरु न्यायीक समिती मार्फत निराकरण गर्दिने नीति लिइनेछ ।
- नागरिक स्तरमा हुने साना तिना विवादहरु मेलमिलापको माध्यमबाट समाधान गर्ने प्रत्येक वडामा मेलमिलाप समिती र नगर स्तरमा मेलमिलाप समिती गठन गरी विवादको सम्माधान गरिने नीति अवलम्बन गरिनेछ ।
- वडास्तर र नगर स्तरमा गठन भएको मेलमिलाप समितीका पदाधिकारीहरुका लागि मेलमिलाप सम्बन्धी तालिम सन्चालन गरिनेछ ।
- न्यायीक समितीका पदाधिकारी र मेलमिलाप समितीका संयोजकहरुको क्षमता अभिवृद्धीका लागि अन्तर पालिका भ्रमणको व्यवस्था गरिनेछ ।
- न्यायीक समिती बाट भएका क्रियाकलापहरुको व्यवस्थित अधिलेख राख्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वडामा न्यायीक समितीको काम, कर्तव्य र अधिकारको वारेमा सरोकारवालाहरु विच अन्तक्रिया कार्यक्रम सन्चालन गरिनेछ ।

## विधायन सम्बन्धी निती :-

- नगरपालिकालाई आवश्यक पर्ने ऐन,कानून,नियम,कार्यविधी निर्माण गेर्ने कार्यलाई आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।
- विधायन समिती मार्फत निर्माण भएका कानूनहरु सकथर नगर सभाबाट परित गरीने परिपाटीको विकास गरिनेछ ।

- विधायन समितीका पदाधिकारीको क्षमता अधिवृद्धिको लागी तालिम, अन्तरपालिका भ्रमणको व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट निर्माण भएका ऐन, कानून, नियम, कार्यविधिको बारेमा प्रत्येक वडामा जन चेतनामूलक कार्यक्रम सन्चालन गरिनेछ ।

## रोजगार सेवा केन्द्रको नीति तथा कार्यक्रम

१. वैदेशिक रोजगारीबाट फर्केका तथा रोजगारी गुमाएका युवाहरुको उद्यमशीलता विकास गर्न आवश्यक सीप, क्षमता तथा बिउँ पूँजी उपलब्ध गराउन वित्तीय संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ ।

२. रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरी श्रममूलक तथा रोजगारमूलक आयोजना मार्फत समुदायको विकास र रोजगारीसँगै सामाजिक संरक्षणको प्रत्याभूति गरिनेछ ।

३. दक्ष तथा सक्षम जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ ।

४. संघ तथा प्रदेशको रोजगारमूलक कार्यहरुमा अपनत्व कायम गर्दै रोजगारीका थप क्षेत्रहरुको पहिचान तथा विस्तारमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

५. आन्तरिक रोजगारीका अवसरहरु सिर्जना गर्न निजी, सहकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्यमा जोड दिइनेछ ।

६. शैक्षिक बेरोजगारहरुलाई प्राथमिकतामा राखि स्वरोजगारमूलक कार्यमा संलग्न गराउन प्रोत्साहित गर्ने आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. श्रम सम्बन्धलाई प्राथमिकता राख्दै सार्वजनिक पूर्वाधार विकास निर्माण, कृषि तथा सहकारी, व्यापार व्यवसाय, लघु उद्यम, पर्यटन तथा वित्तीय क्षेत्रबाट थप रोजगारी सिर्जना आवश्यक नीति अङ्गिकार गरिनेछ ।

८. रोजगार सेवा केन्द्रको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आवश्यक बजेट छुट्याईनेछ ।

९. नगरपालिका स्तरीय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई श्रमिकको रुपमा परिचालन गर्ने आवश्यक व्यवस्था गरिनेछ ।

१०. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनालाई शसक्त तथा प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११. श्रमको सम्मान, राष्ट्रको अभियानमा पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनमा आवश्यक नीति अवलम्वन गरिनेछ ।

१२. कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुमा नगरपालिकाको साझेदारीको संगसंगै अन्य सरोकारवालाहरुसंग साझेदारीका लागि आवश्यक पहल गरिनेछ ।

१३. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारका लागि सीप विकास तालिम (अस्थायी रोजगारी प्लस) सञ्चालन गरिने छ ।

१४. रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार उपभोक्ता समिति गठन गरी कार्यान्वयन गरिने छ ।

१५. वडा समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१६. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगारका लागि सीप विकास तालिम (अस्थायी रोजगारी प्लस) सञ्चालन गरिने छ ।

१७. नगरपालिका भित्र सञ्चालित आयोजनाहरुमा खटिएका सूचीकृत बेरोजगारहरुको लागि सुरक्षाका आवश्यक सामग्री, आवश्यक निर्माण - मर्मत सामग्री तथा आवश्यक हाते औजारहरु स्थानीय तहको बार्षिक बजेटबाट खरिद गरी कार्यान्वयन गरिने छ ।

१८. पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाको अनुगमन मूल्याङ्कन स्थानीय निर्देशक समिति, वडा समिति तथा रोजगार सेवा केन्द्रले संयुक्त रुपमा गर्ने छ ।

१९. नगरपालिकाको निर्देशक समितिको बैठक नगर प्रमुखले तोकेको समय र स्थानमा आवश्यकता अनुसार सञ्चालन गरिने छ ।

२०. स्थानीय निर्देशक समिति, वडा समिति तथा रोजगार सेवाकेन्द्र बीचमा आबश्यकता अनुसार बैठक सञ्चालन गरिने छ ।

२१. सूचना सञ्चारको माध्यमबाट रोजगार सेवाका कार्य विवरण साथै उपयोगी कार्यहरुलाई प्रकाशन तथा प्रसारण गरिने छ ।

२२. रोजगार सेवा केन्द्रको सुदृढीकरण गरिने छ ।

२३. रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

२४. नोवल कोरोना भाइरस (कोभिड १९) का कारण स्वदेश तथा विदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्तिहरुलाई मध्यनजर गरी युवा लक्षित कार्यक्रम सञ्चालन गरिने छ ।

२५. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विभिन्न किसिमका रोजगारीमुलक आयोजनाहरु संचालन गरिने नीति तय गरिनेछ ।

## सामी परियोजनाको नीति तथा कार्यक्रम

१. वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई गहन अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

२. वैदेशिक रोजगारीमा गई सीप तथा अनुभव हासिल गरेका युवाहरुलाई रिटर्नी स्वयम् सेवकका रुपमा परिचालन गरिने छ ।

३. वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।

४. सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी सूचना सामग्री उत्पादन, प्रशारण तथा प्रकाशन गरिने छ ।

५. सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी समुदायमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

६. सरोकारवालहरुसँगको अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम (प्रहरी, पत्रकार, स्थानीय जनप्रतिनिधि, समुदायका अगुवाहरुलाई आप्रवासनको असर तथा प्रभाव, कामदाररलाई सामाजिक बहिस्करण प्रभाव न्यूनीकरण) कार्यक्रम सञ्चालन गरिने छ ।

७. वैदेशिक रोजगारीमा जान चाहने सम्भावित कामदारहरुलाई आवश्यकता अनुसार मनोसामाजिक परामर्श सञ्चालन गरिने छ ।

८. वैदेशिक रोजगारीमा जान चाहने युवाहरुको तथ्यांक संकलन तथा अध्यावधिक गरी अभिलेखीकरण गरिने छ ।

**आन्तरिक आय व्यवस्थापन :**

१, नगरपालिकाको भरपर्दो आम्दानीको श्रोत आन्तरिक राजश्व नै हो । आन्तरिक राजश्वको ठूलो हिस्सा ओगट्ने नदीहरुको ढुँगा, गिट्टी, वालुवाको उत्खनन्, संकलन, आन्तरिक विक्री र निकासीका सन्दर्भमा संघ र प्रदेश सरकारवाट प्राप्त निर्देशनहरु तथा विधमान ऐन कानून वमोजिमका वातावरणीय प्रभावका प्रावधानहरुलाई कार्यान्वयन गर्दै लगिनेछ,

२, चालु आर्थिक बर्षबाट प्रारम्भ गरिएको सम्पत्ति कर प्रणालीलाई थप ब्यबस्थित गरिनेछ, यस आ.व. को बक्यौता रकम आगामी आ.व. २०७७ /०७८ को प्रथम चौमासिकमा बुझाएमा जरिवाना छुट गरिने ब्यबस्था मिलाएको छु ।

३, नगरपालिकाको सिमित श्रोतलाई ध्यानमा राखी आन्तरिक आय र राजश्वलाई वढाउन राजश्वका थप श्रोतहरु अध्ययन र पहिचान गरी आन्तरिक आय वृद्दि गर्दै जाने नीति लिईनेछ, राजश्व परिचालनको लागि चुस्त र दुरुस्त किसिमको व्यवस्थापन प्रणाली अवलम्वन गरिनेछ ।

४, राजश्व संकलन र वातावरणीय पक्षलाई समन्वयात्मक ढंगले अघि वढाउँदै प्रारम्भिक वातावरणीय परीक्षण IEE प्रतिवेदनका प्रावधानहरुलाई समन्वय गर्दै वातावरणमा पर्ने नकारात्मक असर न्यूनीकरण गर्न गत विगतका नगर सभाहरुवाट भएका निर्णयहरु तथा नीतिहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्दै जाने नीति लिइनेछ,

५, कार्यालयको कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमन, प्रोत्साहन र व्यवस्थापन सम्वन्धी पद्धतिको विकास गरिनेछ साथै गत विगतको बक्यौता असुली गर्न अभियान संचालन गरिनेछ ।

६, नगरभित्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण गर्ने नीति लिईनेछ ।

७, आगामी आर्थिक बर्षका लागि उल्लेखित कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरी प्रस्ताव पेश गरेको छु ।

## ***श्रद्धेय* सभाध्यक्षज्यू,**

मैले आगामी आर्थिक वर्षको नगरपालिकाको प्रस्तावित नीति तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गरें, प्रस्तुत नीति तथा कार्यक्रम र वजेट तयारीको क्रममा व्यवस्थापिका-संसद र प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, नागरिक समाजको सुझाव र मार्गदर्शनलाई अमूल्य निधिको रुपमा स्वीकार गरी वस्ती, वडा समिति, नगर कार्यपालिकाका सदस्यज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, गै.स.स.एवं सरोकारवालाहरुबाट प्राप्त परामर्शहरुलाई नगरपालिकाको उपलव्ध श्रोतले अनुमति दिएको अधिकतम सिमामा रहि समेट्ने प्रयास गरिएको व्यहोरा यहाँहरु समक्ष सविनय अनुरोध गर्दछु । यस सम्वन्धी विस्तृत नीति तथा कार्यक्रम र वजेटको विवरण चन्द्रपुर नगरपालिका विकास योजना पुस्तिकामा प्रकासित गरिने व्यहोरा यस सम्मानित नगर सभालाई जानकारी गराउँछु ।

वार्षिक नगर विकास योजना पुस्तिका प्रकासित गर्ने समयसम्म संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र निसशर्तका कार्यक्रमहरुको साथै स्थानीय विकास पूर्वाधार कार्यक्रम अन्तर्गत छनौट भई प्राप्त भएका योजना तथा कार्यक्रमहरु समेत उक्त पुस्तिकामा प्रकाशित गर्ने व्यवस्था मिलाएको छु । गाउँ, टोल र वडास्तर हुँदै अधिकांश नगरवासी जनताको सहभागितामा छनौट र प्राथमिकिकरण भएका योजना तथा कार्यक्रमहरु नगरपालिकाको प्राथमिकतामा पर्दापर्दै पनि नगरपालिकाको सिमित आन्तरिक श्रोत तथा संघीय र प्रदेश सरकारबाट प्राप्त न्यून वजेट सिलिङका कारणले सवै योजनाहरुमा वजेट विनियोजन गर्न नसकिएको व्यहोरा विनम्रतापूर्वक अनुरोध गर्दछु । प्राथमिकतामा परेर पनि वजेट विनियोजन हुन नसकेका योजनाहरुलाई चन्द्रपुर नगरपालिकाको योजना वैंकमा समावेश गरि नगरपालिकाबाट प्रदेश सरकार, संघीय सरकार तथा संघीय व्यवस्थापिका-संसद र दुई नंम्वर प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीयज्यूहरुसंग समन्वय गरि स्थानीय पूर्वाधार विकास कार्यक्रम समेतबाट आगामी दिनहरुमा सम्वोधन गर्दै जाने तथा अन्य गै.स.स. तथा दातृ निकायहरुसंग समेत समन्वय गरि श्रोतको व्यवस्था मिलाई क्रमशः सन्चालन तथा कार्यान्वयन गर्दै लगिने व्यहोरा अनुरोध गर्दछु ।

## **आदर्णीय सभाध्यक्षज्यू,**

अव म चन्द्रपुर नगरपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्तावित राजश्व र व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि नगरपालिकाको कूल वजेट मध्ये अधिकांश वजेट संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान नै हो ।यस वजेटमा नगरपालिकाको आफ्नो आन्तरिक आय राजश्व पनि समावेश गरेको छु । नगरपालिकाको आन्तरिक आम्दानीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ वमोजिम नगरपालिकाले लगाउन र संकलन गर्न पाउने कर, दस्तुर, शुल्क समेतका आधारहरु उपलव्ध भए वमोजिम गत आर्थिक वर्षमा स्वीकृत गरी निर्धारण गरिएको कर, दस्तुर, शुल्कका दर तथा क्षेत्रहरुलाई केहि संशोधन गरि आगामी आर्थिक वर्षको लागि वजेट प्रस्ताव गरेको छु ।

१, नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ का लागि तपसिल बमोजिमको जम्मा रकम रु. १ अर्ब १५ करोड ८६ लाख ७ हजार ६ सय ४ मात्रको अनुमानित आय विवरण प्रस्ताव गरेको छु ,

क. आ.व. २०७६ /०७७ को संचित रकम रु. १० करोड
ख. आन्तरिक आय तर्फ रु, १४ करोड ५० लाख ६५ हजार ६ सय ४ रुपैयाँ मात्र
ग. संघ बाट प्राप्त हुने राजश्व बाँडफाँड रु. १२ करोड ८६ लाख ३१ हजार मात्र
घ. संघ बाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. १८ करोड १४ लाख मात्र
ङ. संघ बाट प्राप्त हुने सशर्त अनुदान रु. ३३ करोड ६९ लाख मात्र
च. प्रदेश बाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ७९ लाख ८७ हजार मात्र
छ. प्रदेश बाट प्राप्त हुने सवारी कर रु. २ करोड २६ लाख २४ हजार मात्र
ज. संघ बाट प्राप्त हुने समपुरक अनुदान रु. २ करोड मात्र
झ. प्रदेश बाट प्राप्त हुने सशर्त अनुदान रु. ८० लाख मात्र
ञ. प्रदेश बाट प्राप्त हुने विशेष अनुदान रु. ३० लाख मात्र
ट. प्रदेश बाट प्राप्त हुने समपुरक अनुदान रु. २० लाख मात्र
ठ. संघ बाट प्राप्त हुने विशेष अनुदान रु. ५ करोड मात्र
ड. सामाजिक सुरक्षा भत्ता बापत रु. १५ करोड मात्र
ढ. युनिसेफ को रु. २५ लाख मात्र
ण. सम्वृद्धि कार्यक्रम रु. २ लाख मात्र
त. PLGSP कार्यक्रम को लागि रु. ३ लाख मात्र

साथै आगामी आ.व. २०७७/०७८ मा चालु तर्फ रु ६० करोड १५ लाख (५३ प्रतिशत ) र पूँजिगत तर्फ रु. ५५ करोड ७१ लाख (४७ प्रतिशत) गरी जम्मा रु. १ अरव १५ करोड ८६ लाख व्यय हुने अनुमान पेश गरेको छु,

२, आगामी आर्थिक वर्ष २०७७/०७८ को प्रस्तावित आय-व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु, नीति, योजना तथा कार्यक्रमगत वजेट वाँडफाँडको विस्तृत विवरण चन्द्रपुर नगरपालिकाको वार्षिक नगर विकास योजना पुस्तिकामा प्रकासित गरिने व्यहोरा निवेदन गर्दछु ।

## आदर्णीय सभाध्यक्षज्यू र सदस्यज्यूहरु,

प्रस्तावित वजेट, योजना तथा कार्यक्रमरहरुको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत/नीतिगत/कार्यविधिगत सुधारका कार्यहरु गर्ने साथै आवश्यकतानुसार सरकारी, सहकारी क्षेत्र, गै.स.स. क्षेत्र, निजीक्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र र स्थानीय उपभोक्ताहरु समेतको संयुक्त सहभागितात्मक सूचकमा आधारित अनुगमन एवं मूल्यांकनको व्यवस्था मिलाईनेछ र यसवाट वजेटको कार्यान्वयनको सुनिश्चितता एवं पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्दन हुने विश्वास लिएको छु । प्रस्तुत नीति, कार्यक्रम तथा वजेटको कार्यान्वयनवाट नगरपालिकाको समग्र सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, न्यायोचित र समतायुक्त दिगो विकासमा योगदान गर्न कोशेढुङा हुने विश्वास लिएको छु ।

**अन्त्यमा,**

नगरको विकासमा नगरपालिका मात्र एक्लो नायक हुन सक्दैन बरु राजनैतिक तथ वौद्धिक बर्ग, विकासप्रेमी, समाजसेवी, गै.स.स., सरकारी एवं सहकारी तथा निजी क्षेत्र, सञ्चारकर्मी नागरिक समाज समेतको साझा सहकार्य, सहयात्रा एवं साझेदारी सहयोग आवश्यक हुने कुरामा फरक मत रहँदैन । यस तथ्य अनुरुप प्रस्तुत वजेटको कार्यान्वयनमा सवै सरोकारवाला पक्षहरुलाई निरन्तर सहयोग, समर्थन र सहकार्यका लागि सकृय भई दिनुहुन निवेदन गर्दछु । नगरको वजेट तथा कार्यक्रम तर्जुमाका क्रममा सहभागितामूलक योजना तर्जुमा प्रकृयाका सवै चरणहरुमा सहभागि हुनुहुने सवैमा हार्दिक आभार व्यक्त गर्दछु । साथै यस कार्यलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सम्वद्द सवै पक्षवाट सदा झैं निरन्तर सहयोग र सुझावको अपेक्षा गर्दै प्रस्तुत वार्षिक नगर विकास योजना तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुर्याउनु हुने व्यवस्थापिका-संसद र २ नं प्रदेश सभाका माननीय सदस्यज्यूहरु, नगर कार्यपालिका तथा नगर सभाका सदस्यज्यूहरु, नगरमा क्रियाशिल राजनैतिक दल, सहकारी तथा निजी क्षेत्र, आम नागरिक, विषयगत समितिहरु, विभिन्न संघसंस्थाहरु, दातृ निकाय, गै.स.स., संचारकर्मी, लक्षित वर्ग, नागरिक समाज एवं नगर कार्यपालिकाको कार्यालका प्रमुख प्रशासकीय अधिकृतज्यू लगाएत कार्यालयमा कार्यरत सम्पूर्ण सहकर्मी कर्मचारी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु । साथै चन्द्रपुर नगरपालिकाको यस गरिमामय छैठौं नगर सभामा उपस्थित सवै विशिष्ट महानुभावहरुप्रति आदर र सम्मान सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु

***धन्यवाद !***

**रामरती चौधरी**
नगर उपप्रमुख
चन्द्रपुर नगरपालिका, रौतहट